# मानव अधिकार, शान्ति, लोकतन्त्र एवम् अहिंसात्मक संस्कृतिका लागि प्रशिक्षण कार्यशाला

**प्रकाशक**

**मानव अधिकार तथा शान्ति समाज**

**प्रथम प्रकाशन मिति : २०६७ माघ १० गते**

## मानव अधिकार तथा शान्ति समाज
## प्रशिक्षण कार्यशाला





## कार्यसूची

| | | |
|---|---|---|
| १०:००-१०:३० | : | रजिष्ट्रेशन |
| १०:३०-१०:४५ | : | स्वयम् परिचय |
| १०:४५-११:३० | : | शान्ति समाज आचारसंहिता, स्वयम्सेवीचरित्र, पारदर्शिता, आत्मनिर्भरता, समावेशी स्वरूप, लोकतान्त्रिक निर्णयविधि, समय आन्दोलन, जस्ता नीतिहरूबारे प्रस्तुति |
| ११:३०-१२:२५ | : | कार्यक्षेत्रबारे प्रकाश (मानव अधिकार, शान्ति, लोकतन्त्र र अहिंसा) |
| १२:२५-१२:४५ | : | अभियानबारे प्रस्तुति |
| १२:४५-१३:०० | : | चियापान |
| १३:००-१३:३० | : | कार्यशाला (विभिन्न समूहमा विभाजित भई अभियानको प्रारूपबारे छलफल) |
| १३:३०-१४:०० | : | समूहगत प्रतिवेदन प्रस्तुति |
| १४:००-१४:२० | : | अर्थ संकलन (Fund Raising) बारे प्रस्तुति |
| १४:२०-१४:५० | : | समूहगत छलफल |
| १४:५०-१५:२० | : | समूहगत प्रतिवेदन प्रस्तुति |
| १५:२०-१५:५० | : | शान्ति सम्झौता र मानव अधिकार कार्यान्वयनको अवस्था |
| १५:५०-१६:२० | : | नयाँ संविधानमा मानव अधिकार |
| १६:२०-१६:४० | : | समापन |

# विषय सूची


| | पृष्ठ |
|---|---|
| मानवअधिकार तथा शान्ति समाज : एक झलक | १ |
| परिदृश्य, उद्देश्य र मूल आदर्श | २ |
| आचारसंहिता | ३ |
| समाजका केही नीति, मान्यता र परम्परा | ४ |
| मानव अधिकार | ५ |
| मानव अधिकारको विश्वव्यापी घोषणापत्र | ६ |
| शान्ति | १२ |
| लोकतन्त्र | १३ |
| अहिंसा | १४ |
| सद्भाव | १६ |
| सहिष्णुता | १६ |
| साङ्गठनिक संरचना | १८ |
| स्वावलम्बन, पारदर्शिता, समावेशी स्वरूप र लोकतान्त्रिक निर्णय विधि | २० |
| एक विशुद्ध स्वयंसेवी संस्था | २२ |
| आफैले खर्च व्यहोर्ने परिपाटी | २३ |
| समय आन्दोलन | २४ |
| अनुसन्धान कार्य | २५ |
| अभियानका १५ वर्ष | २६ |
| विभिन्न दिवसमा शान्ति समाजका कार्यक्रम | २८ |
| २०६७/६८ का विशेष कार्यक्रम | ३० |
| सञ्चार र सूचना प्रविधि | ३१ |
| अर्थ संकलन | ३२ |
| अर्थ संकलनका लागि एक सफल कार्यक्रमको उदाहरण | ३३ |
| शान्ति सम्झौता र बन्नु पर्ने आयोगहरू | ३५ |
| नयाँ संविधानमा मानव अधिकार | ३६ |
| आउँदा दिनमा हाम्रो बाटो | ३८ |






# मानव अधिकार तथा शान्ति समाज
## Human Rights & Peace Society [HURPES]
## एक झलक

| | |
|---|---|
| १. स्थापना | : वि.सं २०५३ साल ज्येष्ठ १९ गते |
| २. दर्ता नं. | : १७७/०५३ जि.प्र..का, काठमाडौं |
| ३. कार्य क्षेत्र | : मानव अधिकार, शान्ति, लोकतन्त्र, अहिंसा |
| ४. संस्थापक सभापति | : कृष्ण पहाडी |
| ५. केन्द्रीय कार्यसमिति सभापति | : होमकान्त चौलागाई |
| ६. जिल्ला शाखा | : ६४ |
| ७. हालसम्म दर्ता सदस्यता | : ८५०० |
| ८. आजिवन सदस्यता संख्या | : ४१२ |
| ९. हालसम्म सम्पन्न रा.प. बैठक | : १३ वटा |
| १०.साधारण सदस्यता शुल्क | : रू. ४००/- (२ वर्षको) र परिचयपत्र शुल्क रू. १००।- |
| ११. आजीवन सदस्यता शुल्क | : रू. ५०००/- |
| १२. केन्द्रीय कार्यसमिति | : १५ जना (स्वयंसेवी) |
| १३. केन्द्रीय संयोजक | : ३५ जना (स्वयंसेवी) |
| १४. केन्द्रीय कार्यालयमा कर्मचारी संख्या | : २ जना |
| १५. त्रैमासिक प्रकाशन | : पिस जर्नल |
| १६. इमेल ठेगाना | : hurpes@wlink.com.np |
| १७. वेव ठेगाना | : www.peacesocietynepal.org |
| १८. फोन नं. | : ९७७-१-४४२०७१२ |
| १९. फ्याक्स नं. | : ९७७-१-४४२०३६९ |
| २०. ठेगाना | : मानव अधिकार तथा शान्ति समाज<br>केन्द्रीय कार्यसमिति<br>पो.ब.नं. १२७९०<br>केशरीमार्ग-७६, कालिकास्थान काठमाडौं, नेपाल |

# परिदृश्य, उद्देश्य र मूल आदर्श

**परिदृश्य :**

मानव अधिकार तथा शान्ति समाजको सोच (परिदृश्य) भनेको 'मानव अधिकार, शान्ति, लोकतन्त्र र अहिंसा' का मूल्यहरूको सम्मान र पालनासहितको समुन्नत समाजको निर्माण हो। निर्भय साथ मानव अधिकारको उपभोग, मानव गरिमाको सम्मान, शान्तिको अनुभूति र अहिंसात्मक पद्धति अवलम्बन गर्ने चरित्रको विकास हो।

**उद्देश्य :**

क) मानव अधिकार संस्कृतिका लागि मानव अधिकार समुदायको बलियो आधार तयार गर्ने,
ख) शान्ति संस्कृतिको निर्माण र अभिवृद्धिमा योगदान गर्ने,
ग) लोकतान्त्रिक संस्कृतिलाई मजबुत बनाउने,
घ) अहिंसात्मक संस्कृतिलाई गहिरो बनाउँदै भयरहित सामाजिक परिवेशको सिर्जनाका लागि योगदान गर्ने।

यी उद्देश्यहरूको प्राप्तिका लागि व्यापक अभियान सञ्चालन गरी जनमानसलाई परिचालन गर्ने उद्देश्य मानव अधिकार तथा शान्ति समाजको रहेको छ।

**मूल आदर्श (मूल्य र मान्यता)**

मानव अधिकारको सर्वव्यापकता, अविभाज्यता, अन्तरसम्बन्ध तथा अन्तरनिर्भरताको धारणामा आधारित रही मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय संयन्त्र (मापदण्ड) मा निहित सबै अधिकारहरू सबै मानवले सहजरूपमा उपभोग गर्न पाउनुपर्छ भनी अहिंसात्मक अभियानमा क्रियाशील, अहिंसा, सद्भाव र सहिष्णुताका आदर्शहरूलाई जीवन चरित्रमा अवलम्बन गर्दै शान्ति, न्याय स्वतन्त्रता र समानताका खातिर समर्पित, लोकतन्त्र, सामाजिक न्याय, मानव गरिमाको सम्मानका लागि प्रतिबद्ध जमात/समुदायको निर्माण र विस्तार नै मानव अधिकार तथा शान्ति समाजको मूल मूल्य र मान्यता हो।





# आचारसंहिता

मानव अधिकार तथा शान्ति समाजका सदस्यहरूका लागि निम्न आचारसंहिता निर्धारण गरिएको छ :

१। मानव अधिकारको विश्वव्यापी घोषणापत्रप्रति पूर्ण प्रतिबद्धता
२। मानव अधिकार तथा शान्ति संस्कृतिको निर्माणका लागि कटिबद्धता
३। शान्ति न्याय र स्वतन्त्रताको संरक्षणका लागि क्रियाशीलता
४। अहिंसा, सद्भाव र सहिष्णुताका आदर्शहरूको सम्बर्द्धनका लागि कार्य गरिरहने दृढता
५। कुनै पनि अवस्थामा कुनै पनि हैसियतमा हिंसालाई वकालत नगर्ने प्रतिबद्धता
६। पारदर्शिताको मापदण्ड अनुरूप कार्यगर्ने अठोट सहित लोकतन्त्र प्रतिको निष्ठा
७। मानव अधिकार संरक्षण र मानव गरिमाको सम्मान नै जीवन पद्धतिको आधार बनाउने तर्फ अग्रसरता
८। वातावरण संरक्षणका लागि प्रतिबद्धता तथा भयरहित सामाजिक परिवेशको सिर्जना हेतु योगदानको निरन्तरता
९। सामाजिक न्यायका लागि उदाहरण बनेर प्रस्तुत हुने दृढता
१०। मानवताको उच्चतम अभिव्यक्तिलाई जीवनको हरेक क्षेत्रमा प्रतिबिम्बित गर्ने सुनिश्चितता।

यसैगरी शान्ति समाजका सदस्यहरू विसंगतिका अङ्ग बन्न नहुने तर्फ ध्यानाकर्षण गराउँदै थप प्रतिबद्धता जारी गरिएको छ।

- बालश्रमिक (१४ वर्षमुनि) को प्रयोग गर्नुहुदैन। केटाकेटीहरूलाई कुटपिट गर्नुहुदैन।
- कमैया प्रथा अवलम्बन गर्नुहुदैन।
- घरेलुहिंसा विशेष गरेर श्रीमती कुट्ने जस्ता कार्य गर्नुहुदैन।
- "यातना" जस्ता कृत्यको समर्थन गर्नुहुदैन।
- हिंसाको वकालत वा अवलम्बन गर्नुहुदैन।
- छुवाछुत जस्ता कार्यमा संलग्न हुनुहुदैन।
- दाइजो जस्ता सामाजिक विसंगतिको अङ्ग बन्नुहुदैन।
- "बोक्सी" जस्ता अन्धविश्वासमा परेर महिलाहरूमाथि अत्याचार गर्ने कार्यमा सरिक हुनुहुदैन।
- जातीय र धार्मिक घृणाको वकालत कसैले गर्नुहुदैन।
- मानव अधिकार हनन हुने कुनै पनि कार्यमा संलग्न हुनुहुदैन ।

# समाजका केही नीति, मान्यता र परम्परा

१. शान्ति समाजको प्रतीक चिन्ह HURPES शब्द माथि दुईवटा पात अङ्कित चिन्ह् रहेको छ ।
२. शान्ति समाज एक गैरसरकारी संस्था हो ।
३. शान्ति समाज एक गैरराजनीतिक संस्था हो ।
४. लोकतन्त्रका लागि समर्पित यो संस्था लोकतान्त्रिक मूल्य-मान्यताका खातिर काम गर्छ तर कुनै पनि राजनीतिक दलको भातृसंगठन वा समर्थक भने होइन ।
५. शान्ति समाज एक स्वतन्त्र संस्था हो, जुन मानवअधिकार शान्ति, लोकतन्त्र र अहिंसाका मूल्यहरू प्रति प्रतिवद्ध छ ।
६. शान्ति समाज लाभनिरपेक्ष (Non-Profit) संस्था हो ।
७. शान्ति समाज विशुद्ध स्वयम्सेवी संस्था हो ।
८. शान्ति समाज उच्च पारदशी संस्था हो ।
९. शान्ति समाज नीतिद्वारा निर्देशित संस्था हो ।
१०. राष्ट्रिय परिषद् बैठक यसको सर्वोच्च नीति निर्णायक अङ्ग हो ।
११. शान्ति समाज लोकतान्त्रिक विधिबाट सञ्चालित संस्था हो ।
१२. शान्ति समाजका कार्यक्रमहरू उद्घाटन गर्दा ४ वटा मैन बत्ती/बत्ती दियो प्रज्वलित गर्ने गरिन्छ । जुन मानवअधिकार शान्ति लोकतन्त्र अहिंसाको प्रतीक मान्ने गरिन्छ ।
१३. शान्ति समाजद्वारा आयोजित कार्यक्रममा शान्ति समाजकै पदाधिकारी एवम् कार्यसमिति सदस्यहरूलाई प्रमुख अतिथि बनाइदैन । विषयअनुसार प्रमुख वक्ता वा विशेष वक्ताका रूपमा भने प्रस्तुत गर्ने गरिएको छ ।
१४. शान्ति समाजद्वारा आयोजित कार्यक्रमको उद्घाटन शान्ति समाजकै पदाधिकारी वा कार्यसमिति सदस्यले गर्दैनन् ।
१५. कुनै पनि राजनीतिक दल/समूहहरूले प्रतिकार वा प्रतिरोधका नाममा गठन गर्ने संरचनामा शान्ति समाज नबस्ने नीति रहेको छ ।
१६. शान्ति समाजले आयोजना गर्ने कुनै पनि प्रकारको जुलुस तथा आमसभामा १६ वर्ष मुनिका बालबालिकालाई सहभागी नगराउने नीति रहेको छ ।
१७. शान्ति समाजको अन्य मानवअधिकार संस्था बारे नकारात्मक टिप्पणी नगर्ने नीति रहेको छ ।
१८. शान्ति समाजलाई प्रतिनिधित्व गर्दै समाजका पदाधिकारी तथा सदस्यहरू कुनै पनि राजनीतिक नियुक्ति वा लाभको पदमा जाने छैनन् ।
१९. शान्ति समाजले गर्ने कारोवार (आर्थिक) सदैव स्वच्छ हुने गर्दछ ।
२०. समाजका विदेश स्थित मित्रहरूको आगमनका अवसरमा दिइने भोजका अवस्थामा बाहेक अन्य कुनै पनि कार्यक्रममा मादक पदार्थको विल शान्ति समाजले भुक्तान गर्दैन ।





# मानव अधिकार

**क. मानव अधिकार : सभ्यताको उत्कृष्ट उपहार**

वर्तमान विश्वमा सबैभन्दा प्रचलनमा रहेकोमध्ये एउटा शब्द हो मानव अधिकार । सभ्यताको विकासक्रमसँगै हरेक समाजले मानव गरिमाबारे परिभाषित गर्दै आएको छ । विभिन्न आरोह अवरोह अर्थात् उतार चढावको क्रममा मानवीय मूल्य र मान्यताको खोजी र जगेर्ना गर्दै मानव सभ्यता निरन्तर अगाडि बढेको छ ।

यसक्रममा पुरातन/सनातन सभ्यताबाट क्रमिक रूपमा विकास हुँदै नवीन धाराहरूको अभ्यूदय भएको छ र केही सय वर्ष पहिलेदेखि लिपिबद्ध हुँदै आएको छ । संसारमा प्रचलनमा रहेका विभिन्न धर्म र ग्रन्थहरूमा मानव कर्तव्य र अधिकारबारे वर्णन गरिएको छ । प्राचीनकालदेखि नै संसारमा अस्तित्वमा आएका दर्शनहरूमा मानव अधिकार र कर्तव्यबारे बोध गराउने प्रयत्न भएको छ । सभ्यताको सुरुवातसँगै युद्धहरू भएका छन् । युद्धको घाउले रन्थनिएको मानव सभ्यताले शान्तिका लागि आह्वान गर्दै पुराना गल्तीबाट पाठ सिक्ने र गल्ती दोहोरिन नदिन नयाँ मापदण्डको खोजी गरेको छ । यसै क्रममा संयन्त्रहरू विकास भएका छन् ।

कसैको पनि जीवन सर्वाधिक महत्वपूर्ण छ । मानव जीवन यसैपनि महत्वपूर्ण छ । यस्तो जीवन गरिमाका साथ व्यतित गर्न सकियो भने, जीवन सार्थक ठहरिन्छ । तसर्थ मानव जीवन उपभोग गर्दा गौरवको अनुभूति होस् । त्यसका लागि केन्द्रविन्दुमा मानव गरिमाको सम्मान स्थापित हुनैपर्छ । अर्थात् भय र अभावबाट मुक्ति होस् । मानव जीवन अभिशाप होइन, वरदान हो भन्ने अनुभूति गराउन सकियोस् । जीवनका स्वतन्त्रताहरूको उपभोग गरेर मनुष्य जीवनलाई सार्थकता प्रदान गर्न सकियोस् । यस्तै यस्तै अनुभूति र मान्यताको संमिश्रण स्वरूप, विभिन्न घटनाक्रमबाट उठ्दै र सिक्दै मानव अधिकारको मान्यता विकसित भएको छ । यसक्रममा मानव अधिकारलाई नैसर्गिक (Inherent) अधिकार भनिएको छ । यस अर्थमा कि सबै मानवका यी जन्मसिद्ध अधिकार हुन् र मानवीय हुनुका नाताले मानवले यी अधिकार उपभोग गर्छन् । यस्तै मानव अधिकारलाई अहरणीय (Inalienable) अधिकार भनिएको छ । यसकारण कि कसैले पनि यी अधिकार हरण गर्न पाउँदैनन् ।

यसैगरी मानव अधिकारलाई सर्वव्यापी (Universal) मानिएको छ । यसकारण कि मानव अधिकार भनेको कुनै खास समूह, नागरिक माथि मात्र लक्षित नभएर सबै व्यक्तिहरूका लागि हो । संसारका सबै मान्छेहरूको लागि हो । मानव अधिकारलाई, मौलिक अधिकार, आधारभूत स्वतन्त्रता, आधारभूत अधिकार, संवैधानिक अधिकार, प्राकृतिक अधिकार, नागरिक अधिकार आदि पनि भन्ने गरिन्छ ।

मानव अधिकार भनेको सभ्यताको उत्कृष्ट उपहार हो । जतिजति सभ्यता परिस्कृत हुँदै गएको छ, त्यति मानव अधिकारको संरक्षण र सम्बर्द्धन उच्च प्राथमिकता बन्नु पर्ने मान्यता पनि स्थापित हुँदै गएको छ । मानव गरिमाको सम्मानका खातिर मानव अधिकारका क्षेत्रहरू पनि विस्तारित हुँदै गएका छन् । परिवर्तित विश्वपरिस्थितिमा मानव अधिकार आन्दोलनको प्रभावले नयाँ धारहरूको पनि विकास गरेको छ ।

### ख. मानव अधिकारको परिभाषा

मानव अधिकार भनेको ती अधिकारहरू हुन् जुन हरेक व्यक्तिले उपभोग गर्ने अधिकार छ र त्यस्ता अधिकारहरू सदा संरक्षित गरिनु पर्दछ । अर्थात् ती आधारभूत अधिकार र स्वतन्त्रता हुन् जुन हरेक व्यक्ति उपभोगका हकदार छन् र त्यस्ता अधिकारहरू संरक्षित गरिनु पर्दछ । ती अधिकारहरूको जस्तोसुकै समाज वा संस्कृतिमा पनि सम्मान गरिनुपर्दछ ।

समसामयिक अन्तर्राष्ट्रिय कानुनका दृष्टिले मानव अधिकार भनेको त्यस्ता मौलिक अधिकार र स्वतन्त्रता हुन् जुन अन्तर्राष्ट्रिय कानुनको स्वरूपमा समावेश गरिएका छन् ।

अर्थात् मानव अधिकार भनेको सबै मानवको नैसर्गिक अधिकार हो । यो अधिकार राष्ट्रियता, लिङ्ग, राष्ट्रिय वा जातीय उत्पत्ति, रङ्ग, धर्म, भाषा वा अन्य कुनै स्तरको भेदभाव विना सबैलाई उपभोगको अधिकार छ। यी अधिकारहरू सर्वव्यापी, अविभाज्य, अन्तर्सम्बन्धित छन् र अन्तर्निभर गर्दछन्। मानव अधिकारको प्रवर्द्धन र संरक्षण राज्यको प्रमुख दायित्व र कर्तव्य हो ।

ग. मानवअधिकार तथा शान्ति समाजले मानवअधिकार उल्लंघन, मानवअधिकार ज्यादति र मानव गरिमामाथि हुने घात विरुद्ध कार्य गर्दै आएको छ ।

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र

१० डिसेम्वर १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित प्रस्ताव नं, २१७ क (३) बाट ग्रहण र घोषणा गरिएको प्रस्तावना :

मानव परिवारका सबै सदस्यहरूमा अन्तर्निहित प्रतिष्ठा तथा सम्मान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले, मानव अधिकारप्रति अवहेलना र अनादरको परिणाम स्वरूप मानव जातिको अन्तःस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरू भएका र मानव जातिले आस्था र वाक स्वतन्त्रताको तथा भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको सिर्जना सर्वसाधारण जनताको उच्चतम् आकांक्षाको रूपमा घोषित भएकोले, अत्याचार र दमनको बिरुद्ध अन्तिम उपायको रूपमा विद्रोह गर्न मानिसलाई बाध्य नगराउनका लागि कानुनको शासनद्वारा मानव अधिकारको संरक्षण गर्न अत्यावश्यक भएकोले, राष्ट्रहरूका बीच मैत्रीपूर्ण सम्वन्ध





विकास प्रवर्द्धन गर्न अत्यावश्यक भएकोले, संयुक्त राष्ट्रसंघका जनताहरूले बडापत्रमा मौलिक मानव अधिकारहरूमा व्यक्तिको प्रतिष्ठा तथा मूल्यमा र महिला तथा पुरुषका समान अधिकारहरूमा आफ्नो विश्वास पुनः पुष्टि गरेको र व्यापकतर स्वतन्त्रतामा सामाजिक प्रगति र अझ राम्रो जीवनस्तर प्रवर्द्धन गर्न उनीहरू दृढ भएकोले, सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघसँगको सहयोगमा मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालनाको प्रवर्द्धन हासिल गर्न प्रतिज्ञा गरेकोले, र यो प्रतिज्ञाको पूर्ण प्राप्तिको लागि यी अधिकार र स्वतन्त्रताहरूको साझा वोध सर्वोत्तम महत्वको कुरा भएकोले,

### महासभाले

यस मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई सबै जनताहरू र सबै राष्ट्रहरूले हासिल गर्ने एक साझा मापदण्डको रूपमा घोषणा गर्दछ र यस उद्देश्यका लागि प्रत्येक व्यक्ति र समाजका प्रत्येक अंगले यस घोषणापत्रलाई निरन्तर ध्यानमा राखी शिक्षण र शिक्षाको माध्यमबाट यी अधिकार र स्वतन्त्रताहरू प्रतिको सम्मान प्रवर्द्धन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रगतिशील उपायहरूको माध्यमबाट सदस्य राष्ट्रहरू स्वयंका जनताबीच र उनीहरूका क्षेत्राधिकार अन्तर्गतका इलाकाका जनताबीच यी अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी तथा प्रभावकारी मान्यता र पालना सुनिश्चित गर्न प्रयत्न गर्नेछ ।

**धारा १** : सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् । उनीहरू विवेक र अन्तस्करणले युक्त भएका हुन्छन् । उनीहरूले भातृत्वको भावना लिएर एक अर्काप्रति व्यवहार गर्नुपर्छ ।

**धारा २** : जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुनेछ साथै कुनै पनि व्यक्ति रहेका मुलुक वा इलाका स्वतन्त्र, न्यास, स्वशासन रहित वा सार्वभौमसत्ताको अन्य कुनै पनि सीमाको अधीनमा रहेको जे भए तापनि त्यस्तो मुलुक वा ईलाकाको राजनीतिक, क्षेत्राधिकारगत वा अन्तर्राष्ट्रिय हैसियतका आधारमा कुनै पनि भेदभाव गरिनेछैन ।

**धारा ३** : प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ ।

**धारा ४** : कसैलाई बाँधा वा दास बनाइ राखिने छैन । कुनै पनि किसिमको दासत्व र दास व्यापारलाई निषेध गरिनेछ ।

**धारा ५** : कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन ।

**धारा ६** : कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

**धारा ७** : सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानुनको समान संरक्षणका हकदार छन्। सबै व्यक्तिहरूलाई यस घोषणापत्रको उल्लंघन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव बिरुद्ध वा त्यस्तो भेदभावको दुरुत्साहन बिरुद्ध समान संरक्षण पाउने अधिकार हुनेछ।

**धारा ८** : प्रत्येक व्यक्तिलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लघंन गर्ने कार्यहरू विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणहरूबाट प्रभावकारी उपचार पाउने अधिकार हुनेछ।

**धारा ९** : कसैलाई पनि स्वेच्छाचारी रूपले गिरफ्तार गरिने, नजरबन्दमा राखिने वा देश निकाला गरिनेछैन।

**धारा १०** : कुनै पनि व्यक्ति उपर लगाईएको फौजदारी अभियोगको र निजको अधिकार तथा दायित्वको निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गरी पाउने पूर्ण समानताको हक त्यस्तो व्यक्तिलाई हुनेछ।

**धारा ११** : (१) दण्डनीय कसूरको अभियोग लागेको प्रत्येक व्यक्तिलाई आफ्नो प्रतिरक्षाको लागि आवश्यक सबै प्रत्याभूतिहरू प्राप्त भएको सार्वजनिक सुनुवाइमा कानुन वमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ।

(२) कुनै कार्य गर्दा वा नगर्दाको वखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत दण्डनीय कसूर नमानिने त्यस्ता कार्यका लागि कुनै पनि व्यक्तिलाई दण्डनीय कसुरको दोषी ठहराइने छैन। नत सो दण्डनीय कसूर गर्दाका बखत लागू रहेको सजाय भन्दा बढी सजायनै गरिनेछ।

**धारा १२** : कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप गरिनेछैन न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण नै गरिनेछ। प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ।

**धारा १३** : १. प्रत्येक व्यक्तिलाई प्रत्येक राष्ट्रको सीमानाभित्र आवतजावत गर्ने तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुनेछ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देश लगायत कुनै पनि देश छोड्न पाउने र आफ्नो देश फर्कन पाउने अधिकार हुनेछ।

**धारा १४** : १. प्रत्येक व्यक्तिलाई गैरकानुनी विभेद, डर, त्रास, दुर्व्यवहार वा यातना (Persecution) बाट उम्किन अन्य मुलुकमा शरण खोज्ने र लिने अधिकार छ।



मानवअधिकार, लोकतन्त्र, शान्ति र अहिंसा

२. गैरराजनीतिक अपराधहरू वा संयुक्त राष्ट्रसंघका उद्देश्य र सिद्धान्तहरू विरुद्धका कार्यहरूबाट वास्तविक रूपमा उत्पन्न मुद्दाहरूमा यो अधिकारको उपभोग गर्न सकिनेछैन।

**धारा १५** : १. प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ।

२. कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढंगले निजको राष्ट्रियताबाट वञ्चित गरिनेछैन नत राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट नै वञ्चित गरिनेछ।

**धारा १६** : १. उमेर पुगेका पुरुष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मको कारणले लगाइने कुनै पनि सीमा विना विवाह गरी परिवार बसाउने अधिकार हुनेछ। उनीहरूलाई विवाह गर्दाका बखत, वैवाहिक सम्वन्ध रहँदाका बखत र विवाह विच्छेदका वखत समान अधिकारहरू प्राप्त हुनेछ।

२. इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मन्जुरी विना विवाह सम्पन्न गरिनेछैन।

३. परिवार समाजको प्राकृतिक तथा मौलिक समूह इकाई हो र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउनेछ।

**धारा १७** : १. प्रत्येक व्यक्तिलाई एक्लै एवं अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुनेछ।

२. कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढंगले निजको सम्पत्तिबाट वञ्चित गरिनेछैन।

**धारा १८** : प्रत्येक व्यक्तिलाई विचार, सद्‌विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रूपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा निजी रूपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रता समेत समावेश हुनेछ।

**धारा १९** : प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा विना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देज विना कुनै पनि माध्यम मार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत समावेश हुनेछ।

**धारा २०** : १. प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र संगठनको स्वतन्त्रताको अधिकार छ।

२. कुनै पनि व्यक्तिलाई कुनै पनि संगठनमा लाग्न बाध्य गराउन सकिनेछैन।

**धारा २१** : १. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार छ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ।

३. जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ। यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनहरूद्वारा अभिव्यक्त गरिनेछ र यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रकृयाहरूबाट सम्पन्न हुनेछ।

**धारा २२ :** प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत र प्रत्येक राष्ट्रको संगठन र श्रोतहरू अनुरूप निजको प्रतिष्ठाको लागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्राप्तिको अधिकार हुनेछ।

**धारा २३ :** १. प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको र बेरोजगारी बिरुद्धको संरक्षणको अधिकार छ।

२. प्रत्येक व्यक्तिलाई कुनै पनि भेदभाव विना समान कामको लागि समान पारिश्रमिकको अधिकार छ।

३. काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको लागि मानवीय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार छ, र यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिनेछ।

४. प्रत्येक व्यक्तिलाई आफ्नो हितको रक्षाको लागि ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुन पाउने अधिकार छ।

**धारा २४ :** प्रत्येक व्यक्तिलाई कार्य घण्टाको र तलवी आवधिक विदाको मुनासिप सीमा सहितको आराम र विश्रामको अधिकार छ।

**धारा २५ :** १. प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।

२. आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भइ वा नभइ जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउनेछन्।





**धारा २६ :** १. प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुनेछ। कम्तिमा प्रारम्भिक र मौलिक तहमा शिक्षा निःशुल्क उपलब्ध हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक तथा व्यवसायिक शिक्षा सबैका लागि सामान्यतः प्राप्य र पहुँचयोग्य वनाइने छ र उच्च शिक्षा क्षमताका आधारमा सबैलाई समान रूपमा पहुँचयोग्य हुनेछ।

२. मानवीय व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्नेतर्फ शिक्षा निर्देशित हुनेछ। शिक्षाले सबै राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरूबीच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्ने तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्रसंघका क्रियाकलापहरूलाई अघि बढाउने छ।

३. मातापितालाई आफ्ना बालबालिकाहरूलाई दिइने शिक्षाको किसिम छनौट गर्ने पूर्ण अधिकार हुनेछ।

**धारा २७ :** १. प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ।

२. प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाईदा पाउने अधिकार हुनेछ।

**धारा २८ :** प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

**धारा २९ :** १. प्रत्येक व्यक्तिको समुदाय, जसमा मात्रै निजको व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास संभव छ, प्रतिको कर्तव्य छ।

२. आफ्ना अधिकार र स्वतन्त्रताहरूको उपयोग गर्दा, प्रत्येक व्यक्ति अन्य व्यक्तिका अधिकार र स्वतन्त्रताहरूको उचित मान्यता र सम्मान हासिल गर्ने तथा लोकतान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था र जनकल्याण हासिल गर्ने एक मात्र उद्देश्यका लागि कानुनले निर्धारण गरेका प्रतिवन्धहरूको मात्र अधीनमा रहनेछ।

३. संयुक्त राष्ट्रसंघका उद्देश्य र सिद्धान्तहरूको प्रतिकूल हुने गरी कुनै पनि अवस्थामा यी अधिकार र स्वतन्त्रताहरूको उपभोग गर्न पाइने छैन।

**धारा ३० :** यस घोषणापत्रमा उल्लिखित कुनै पनि अधिकार र स्वतन्त्रताहरू नष्ट गर्ने उद्देश्यले कुनै पनि कृयाकलापमा संलग्न हुन पाउने वा कुनै पनि कार्य गर्न पाउने अधिकार कुनै पनि राष्ट्र, समूह वा व्यक्तिलाई प्रदान गर्ने गरी यस घोषणापत्रमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिने छैन।

# शान्ति

अहिंसात्मक जीवन पद्धति वा अहिंसात्मक जीवनमार्गनै शान्ति हुनसक्छ। हिंसाको आरम्भ नहुनु अथवा अन्त्य भएबाट नै शान्तिको सुरुवात हुन्छ। शान्ति सद्गुण हो। असलको सर्वोत्कृष्ट उदाहरण शान्ति हो। शान्ति सिर्जनाको आधार र मनुष्य जीवनको सार्थकताको सूचकांक हो। शत्रुता बिनाको अवस्थानै शान्तिको स्थिति हुनसक्छ।

सुमधुरताको स्थितिनै शान्तिको अवस्था हुनसक्छ। निश्चलताको अवस्थानै शान्तिको स्थिति हुनसक्छ। शान्ति शब्दको होइन, अनुभूतिको विषय हो। यस्तो अनुभूति जहाँ सबै निर्भय भएर आफ्नो जीवनयापन गर्नसक्छन्। झैझगडा बिनाको जीवन, शान्तिमय जीवनको उदाहरण हुनसक्छ। तनावरहित जीवन व्यतित गर्नु पनि शान्तिको एउटा उदाहरण हुनसक्छ। सद्भाव, सहिष्णुता, न्याय, सम्मान र समझदारी शान्तिसँग अन्तरसम्बन्धित छन्। आत्मिक शान्ति, मानसिक शान्ति, भौतिक शान्ति, नैतिक शान्ति, शान्तिका अनेक स्वरूप वा अवस्था हुनसक्छन्। शान्ति सर्वप्रथम हृदयमा, मन मस्तिष्कमा स्थापित हुनु आवश्यक छ। त्यहाँबाट अंकुर पलाउँदै जीवनको हरेक क्षेत्रमा शान्ति विस्तारित हुनसक्छ।

विश्व शान्तिका लागि, हिंसाको समाप्ति, द्वन्द्व समाधान, निःशस्त्रीकरण अत्यन्त आवश्यक छ। हृदयको गहिराइबाट उत्पन्न हुने शान्तिले सर्वत्र शान्ति स्थापना गर्न सहयोग गर्छ र सबैको कल्याण गर्छ। न्यायको उपस्थिति र सामाजिक न्यायको प्रत्याभूति शान्तिका लागि अत्यावश्यक छ।

शान्तिका लागि विकास आवश्यक हुनसक्छ तर कहिलेकाही जीवनधारासँग तादात्म्यता नहुँदा त्यही विकास अशान्तिको कारण बन्न सक्छ। सिर्जनाका लागि शान्ति आवश्यक छ। तर केही वैज्ञानिक सिर्जनाहरू मानव मस्तिष्कको अशान्त, अस्थीर, महत्त्वाकांक्षी र प्रतिशोधात्मक सोचका कारण ठूलो ध्वंस र बिनाशको कारण पनि बन्न सक्छ। महात्मा गान्धीका अनुसार शान्तितर्फ कुनै मार्ग छैन अपितु शान्तिनै मार्ग हो।

अहिंसानै शान्तिको जग हो, आधारशीला हो। युद्ध, शान्तिको सबैभन्दा ठूलो शत्रु र बाधा हो। युद्ध सर्वप्रथम मान्छेको मस्तिष्कमा जन्मन्छ। त्यसैले मान्छेको मस्तिष्कमा युद्धको अंकुर पलाउन नदिन सर्वप्रथम शान्तिको बीज रोपिएको हुनुपर्छ। शान्ति सिद्धान्तमा भन्दा आचरणमा ज्यादा प्रतिविम्वित हुन्छ। शान्ति आख्यानमा भन्दा उदाहरणमा ज्यादा प्रवल हुन्छ।

## शान्तिका लागि स्वतन्त्रता

शान्तिका लागि स्वतन्त्रता नितान्त आवश्यक छ। स्वतन्त्रता भनेको आधारभूत स्वतन्त्रताहरू हुन्। त्यस्तो स्वतन्त्रता र मानव अधिकारको सम्मान र





प्राप्तिले नै स्थायी शान्तिको जग बलियो बनाउँछ। स्वतन्त्रता बिनाको जीवन, पानी बिनाको माछा जस्तै हो। जसरी अक्सिजनको अभावमा जीवन असंभव हुन्छ, स्वतन्त्रताको अभावमा पनि जीवन असाध्य कठीन हुन्छ। स्वतन्त्रताले जीवनमा हार्दिकता ल्याउँछ र खुशियाली छाउँछ। तर आफ्नो स्वतन्त्रताको उपभोग गर्दा अरुको स्वतन्त्रता हनन हुनपुग्यो भने त्यो नै अशान्तिको कारण बन्छ। स्वतन्त्रताको उपभोगको नाममा कानुनले तोकेका सीमाहरू नाघेर (अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सर्वमान्य कानुन) स्वतन्त्रताको दुरूपयोग हुनथाल्यो भने अनर्थ सिर्जना हुनसक्छ। स्वतन्त्रता भनेको स्वच्छन्दता वा छाडापन होइन। आन्दोलन भनेको पनि अराजकता होइन। अधिकार र शान्तिका लागि आन्दोलन गर्ने स्थितिनै सिर्जना हुनुहुँदैन। आन्दोलन गर्दा पनि त्यस्तो आन्दोलन हिंसात्मक र अराजक हुनुहुँदैन। अराजकता हिंसाको प्रारम्भिक लक्षण हो। स्वतन्त्रतालेनै मनुष्यलाई निर्भय बनाउँछ। शान्ति मानव अधिकार हो। शान्तिलाई तेस्रो पुस्ता अधिकारको रूपमा पनि चित्रित गर्ने गरिन्छ। मानव अधिकारको संरक्षणले नै दीर्घकालीन शान्तिलाई सुनिश्चित गर्दछ। शान्ति, मानव अधिकार लोकतन्त्र र अहिंसा एक आपसबाट पृथक रहन सक्दैनन्।

## लोकतन्त्र (Democracy)

स्वतन्त्रता, न्याय, भ्रातृत्व, पारदर्शिता र स्वाभिमानसहित नागरिकहरूको सार्वभौम सर्वोच्चताको प्रथम आधार लोकतन्त्र नै हो। राज्यको निर्माण, यसको संगठन, राज्यको सुरक्षा र स्वतन्त्रतासहितको अखण्डता र एकताको प्रथम र विकल्पहीन जिम्मेदार त्यस देशका नागरिकहरू नै हुन्छन्। तिनै नागरिकहरूले स्थापना गरेको राजनीतिक प्रणाली जहाँ व्यक्तिको जीवनको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, असहमतिको अधिकार, आस्था पालनाको स्वतन्त्रता, भेदभाव र उत्पीडनको अन्त्य र नागरिकहरूको आत्मसम्मान, स्वाभिमान र गौरवको अनुभूति, कानुनी राज्य, स्वस्थ प्रतिस्पर्धा, सरकार गठन र विधि निर्माणमा जनताको प्रथम र निर्णायक भूमिकाका साथ राष्ट्रको समृद्धि निम्ति संकल्पको आवश्यकता हुने गर्दछ। एउटा आदर्श र समुन्नत लोकतान्त्रिक प्रणाली सदियौंदेखिका प्रयोगहरू घटित घटनाहरू र अनेक राजनीतिशास्त्रका चिन्तक अध्येता, विश्लेषक र प्रयोगकर्ताहरू सबैको खारिएको मान्यता हो। अन्य कुनै पनि प्रणालीको तुलनामा लोकतान्त्रिक प्रणाली सर्वोत्कृष्ट मानिनुको अर्थ पनि यही नै हो।

## लोकतन्त्र (Democracy) को अर्थ

अंग्रेजी शब्द Democracy को संस्कृत शब्दमा प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्रजस्ता अनुवादहरू भएका छन्। नेपालीमा पनि तिनै शब्दहरूको प्रचलन रहेको छ। Democracy शब्दको प्रयोग सर्वप्रथम प्रसिद्ध ग्रिक इतिहासकार

हेरोडोटस (Herodotus) ले इपू पाँचौं शताब्दीमा गरेका थिए । उनका अनुसार राज्यको सम्पूर्ण सर्वोच्च सत्ता जनतामा रहने शासनको नाउँ नै प्रजातन्त्र हो । युनानी शब्द डेमस (Demos) र क्रेटोस (Kratos) बाट Democracy शब्द बनेको मानिन्छ । डेमसको अर्थ जनता र क्रेटसको अर्थ शासन हो । यसै अर्थमा जनशासन नै प्रजातन्त्र हो । त्यही प्रजातन्त्रलाई जनतन्त्र र लोकतन्त्रका रूपमा बुझ्ने गरिन्छ । प्रजातन्त्र शब्द बढी रुढ र परम्परागत मानियो भने जनतन्त्रको प्रयोग बहुधा एकदलीय अधिनायकवादी पद्धतिहरूमा प्रयोग भयो । यस सन्दर्भमा लोकतन्त्र बढी उपयुक्त किन पनि देखियो भने लोक शब्दले खास भूक्षेत्र र त्यहाँका निवासी दुवैलाई बुझाउँछ । भूक्षेत्र र जनता दुवैलाई बुझाउने भएको हुनाले लोकतन्त्र शब्दलाई स्वीकार गरिएको हो ।

अनेक विद्वान र दार्शनिकहरूले लोकतन्त्रलाई भिन्न कोणबाट व्यक्त गरेका छन् । जस्तो प्रसिद्ध दार्शनिक अरस्तु भन्छन्, 'लोकतन्त्र सरकार राज्यका बहुसंख्यक जनताको शासन हो ।' यो भनाइले सामान्यतः पद्धतिलाई नभएर सरकारलाई ज्यादा ध्यान दिएको छ । लर्ड ब्राइसका शब्दमा 'शासन शक्ति एक वर्ग वा व्यक्ति विशेषमा नभएर सम्पूर्ण जनतामा रहने पद्धति नै लोकतन्त्र हो ।' ब्राइस यसरी अरस्तुभन्दा केही अगाडि देखिन्छन् । अमेरिकाका १६ औँ राष्ट्रपति अब्राहम लिंकनको भनाइ यस प्रसंगमा बढी चर्चित रहेको छ । उहाँका अनुसार 'लोकतन्त्र जनताको, जनताका निम्ति, जनताद्वारा नै शासन हो । (Democracy is the Government by the people, for the people and of the people) लिंकनको यो भनाइ अहिले पनि उत्तिकै सान्दर्भिक मानिन्छ । तर, लोकतन्त्रमा नवीन तत्वहरूको समेत समायोजन हुन थालेको छ । लोकतन्त्र व्यक्तिसँग मात्र होइन, व्यक्तिका आचरण र व्यवहारसँग समेत जोडिएको विषय भएको छ । लोकतन्त्र सरकारको रूपसँग मात्र नभएर राज्यभित्रको आर्थिक, सामाजिक ढाँचासँग पनि जोडिन थालेको छ ।

## अहिंसा

अहिंसा भनेको जीवनको पवित्र, गौरवमय र सन्तुष्ट मार्ग हो । अहिंसा यस धर्तीको सबैभन्दा पुरानो र गहन दर्शन हो । प्राचीन धर्म ग्रन्थहरूको निचोड अहिंसाकै दर्शनमा आधारित छ ।

हिंसाले व्यक्तिको सोचलाई संकीर्ण बनाउँछ । जबकि अहिंसाले सोचको दायरालाई फराकिलो बनाउँछ । अहिंसाले सबैसँगको सम्बन्धलाई सुमधुर बनाउँछ भने जीवनको मार्गलाई सहज र शालीन बनाउँछ ।

अहिंसा, सिर्जना र निर्माणको पर्याय हो भने हिंसा, ध्वंस, विनाश र संहार हो । सद्भावयुक्त विचारले सहिष्णुताको संस्कार विकास गर्छ र यो नै शान्तिको वीज हो । जबकि हिंस्रक विचारले हिंस्रक प्रवृत्ति/संस्कारको विकास गर्छ जुन युद्धको बीज हो ।





हिंसाले अशान्तिलाई जन्म दिन्छ । जबकि अहिंसाले शान्तिलाई बढावा दिन्छ । अहिंसा उज्यालोको र हिंसा अँध्यारोको पर्याय हो । अँध्यारोबाट उज्यालो तर्फको यात्रा भनेकै हिंसाको अन्त्य र अहिंसालाई अनन्त बनाउनु हो । अहिंसाको दर्शनले समस्त मानवजातिलाई एउटै परिवार मानेर भ्रातृत्वको व्यवहार र आचरणमा जोड दिन्छ । विश्ववन्धुत्वको भाव यही हो ।

मानवजाति मात्र होइन समस्त जीवहरूको हितमा सोच्न र कल्याणका लागि कार्य गर्न अहिंसाको दर्शनले आह्वान गर्छ । अरुलाई दुःख दिएर आफू सुखी बन्न सकिदैन । मानवसभ्यताको उत्थानको आधार शान्ति र पतनको जड हिंसा रहिआएको छ ।

अहिंसा र शान्ति एक आपसका पर्याय हुन जस्ले मानवताको उच्चतम र सुन्दरतम अभिव्यक्तिलाई प्रतिविम्वित गर्दछन् र सभ्यताको धरोहरलाई पवित्र र जीवन्त राख्दै भावीपुस्ताको नासोको रूपमा धर्तीको संरक्षण र गौरवमय संस्कृतिको निर्माणका लागि प्रेरणा प्रदान गर्दछन् ।

आधारभूत स्वतन्त्रताको संरक्षणबाटै मानव अधिकार संस्कृतिको विकास हुन्छ भने त्यस्तो संस्कृतिले नै शान्ति र अहिंसालाई टेवा पुग्छ । अहिंसा इतिहासको सुखद सत्य र हिंसा इतिहासको क्रूर सत्य रहिआएको छ । भविष्यलाई सुखद र मधुर बनाउन अहिंसात्मक संस्कृतिको विकास र विस्तार समयको माग हो, सत्यको आवाज हो । हिंसा, सृष्टिकै लागि विनाशकारी रहेको छ भने अहिंसाले सिर्जनालाई नै मलजल गर्दै आएको छ । शान्तिमय अहिंस्रक समाजको निर्माणले नै सबै मानव अधिकारहरूको उपभोगलाई सहज तुल्याउँछ । अहिंस्रक समाजको निर्माणका खातिर नै लोकतन्त्रको सार्थक र जीवन्त अभ्यासमा जोड दिइएको हो । जहाँ नागरिकहरूको विवेकको सर्वोच्चता शान्तिपूर्ण तवरमा सहज रूपमा प्रकट र स्थापित हुन्छ ।

समाज परिवर्तनका लागि अहिंसा नै चालक शक्ति बन्नुपर्छ । हिंसात्मक मार्गबाट आएको परिवर्तन अस्थायी र कमजोर हुन्छ भने अहिंसात्मक मार्गबाट आएको परिवर्तन बलियो र दीगो हुन्छ । हिंसामुक्त समाजको पहिचान भनेकै निर्भय हो । जबकि हिंसायुक्त समाजमा सदैव भयको वास हुन्छ । अहिंसा कमजोरी होइन, तागत हो । हिंसाले इतिहासको कैयन कालखण्डमा सभ्यतालाई लज्जित तुल्याएको छ भने अहिंसाले सभ्यतालाई गौरवान्वित बनाएको छ । हिंसा कायरहरूले गर्छन् । जबकि स्वाभिमानहरूले सदैव अहिंसाकै मार्ग वरण गर्छन् ।

अहिंसा भनेको सामाजिक परिवर्तनका लागि तयनीति हो जस्ले भौतिक हिंसाको प्रयोगलाई खारेज गर्छ । सहयोग र सम्मति नै राजनीतिक शक्तिका जराहरू हुन् । यस्ता जराहरू अहिंसात्मक संस्कृतिबाट अझ बलियो हुँदै जान्छ । अहिंसा भनेको हिंसाको अनुपस्थिति हो । हिंसाको अनुपस्थितिले नै शान्ति सुनिश्चित हुन्छ । हिंसा नहुनुको स्थिति नै अहिंसा हो ।

## सद्भाव

सद्भाव यस्तो गुण हो जसले भ्रातृत्वलाई बढावा दिन्छ। अरुको भलो चाहनु सद्भाव हो। अरुलाई हानी नपुऱ्याउनु सद्भाव हो। सद्भावले जीवनलाई शान्त र सुन्दर बनाउँछ। जब सद्भाव समाप्त हुन्छ तव हिंसा प्रारम्भ हुनसक्छ। सद्भावयुक्त संस्कृति नै असल संस्कृति हो जसले शान्तिसंस्कृतिलाई जीवन्त बनाउँछ। जहाँ ऊर्जाको स्रोत सद्भाव हुन्छ, त्यहाँ शान्ति हुन्छ। जहाँ ऊर्जाको स्रोत घृणा हुन्छ, त्यहाँ युद्ध, कलह र अशान्ति हुन्छ। घृणाले प्रतिशोधलाई जन्म दिन्छ। प्रतिशोधले हिंसालाई जन्म दिन्छ। हिंसाले अराजकता र अव्यवस्थालाई जन्म दिन्छ। जबकि सद्भावले सहिष्णुता र सहिष्णुताले शान्तिलाई जन्म दिन्छ।

सद्भावलाई बढावा दिन शिक्षाको ठूलो महत्त्व छ। प्रारम्भिक शिक्षामा नै सद्भावलाई अभिवृद्धि गर्ने र प्रतिशोधलाई परास्त गर्ने पाठ्यसामग्रीको वर्चस्व भयो भने बालबालिकाको मनोविज्ञान सोही अनुरूप विकसित भएर जान्छ। जति सद्भावको जरो गहिरिन्छ, त्यति शान्तिको वृक्ष मजबुतिकासाथ धरातलमा अडिन सक्छ। सद्भाव भनेको अरु प्रतिको असल सोच हो। सद्भाव भनेको सहअस्तित्त्वको बोध हो। सद्भाव भनेको म मात्र होइन, हामी भन्ने सामूहिक अभिव्यक्तिको उद्घोष हो।

## सहिष्णुता

सहिष्णुता भनेको सम्मान हो। स्वीकारोक्ति हो। ग्रहणशीलता हो। सहिष्णुता भनेको विविधताको सराहना हो। समग्रमा सहिष्णुता भनेको मानवताको उच्चतम अभिव्यक्ति हो र मानव हुनुको परिचायक पनि हो। हरेक व्यक्तिका भिन्न आस्थाहरू हुन सक्छन्। ती आस्थाहरूप्रतिको सम्मान सहिष्णुता हो। जीवनका वाटाहरू पृथक हुन सक्छन्, अरुको मार्गको पृथकताको पनि स्वीकारोक्ति सहिष्णुता हो। गुणलाई ग्रहण गर्नसक्नु पनि सहिष्णुता हो। अनेकताबीचको एकता सद्भावबाट संभव छ भने समृद्ध विविधताबीचको सुमधुरता नै सहिष्णुता हो। ज्ञानको पर्याय सहिष्णुता र अज्ञानको पर्याय असहिष्णुता हो।

सहिष्णुताले नै शान्तिलाई संभव तुल्याउँछ र युद्धको संस्कृतिलाई हटाएर शान्तिको संस्कृतिलाई बलियो बनाउँछ। सहिष्णुताले घृणा र प्रतिशोधलाई परास्त गर्छ। सहिष्णुताले मानवता र करुणालाई एक आपसमा गाँसी राख्छ। विवेकशीलताको विशिष्टतम उदाहरण सहिष्णुता हो भने विवेकहीनताको संकीर्ण अभिव्यक्ति असहिष्णुता हो।

सहिष्णुता नभएको व्यक्ति वा समाज संज्ञा शून्य हुनसक्छ। संज्ञा शून्य समाजमा अधिकारको सम्मान हुँदैन र कर्तव्यको बोध पनि हुँदैन। सहिष्णुताले आफ्नो दायित्व निर्वाह गर्न प्रेरित गर्छ भने अँध्यारोको माझमा उज्यालोको खोजी गर्छ। जति मान्छेको विवेक कमजोर हुँदै जान्छ त्यति असहिष्णु बन्दै जान्छ।





सहिष्णुता भनेको भेदभावको निषेध हो। सहिष्णुता यस्तो अभ्यास हो जसले जीवनको सार्थकता सिद्ध गर्छ।

सहिष्णुता भनेको अन्यायलाई चुपचाप सहनु भन्ने होइन। सहिष्णुता भनेको कमजोरी होइन। सहिष्णुताले व्यक्तिलाई कमजोर होइन अझ बलियो र महान बनाउँछ। सहिष्णुता यस्तो गुण हो जस्ले व्यक्ति, समाज र राष्ट्रको उचाइलाई अझ बढाउँछ।सहिष्णुताको दर्शनले सबैको अधिकारको सम्मानमा जोड दिन्छ। लोकतन्त्र, कानुनी शासन, आपसी समझदारी जस्ता स्तम्भलाई सहिष्णुताले नै जीवित राख्छ। सहिष्णुताले हठवादिता वा जड सूत्रको खारेजी र बहुलवाद तथा बहुआयामको स्वीकारोक्ति गर्दछ र सबै अधिकारहरूको उपभोगलाई पुनर्पुष्टि गर्दछ।

सहिष्णुताको अर्थ सामाजिक अन्यायको स्वीकारोक्ति होइन। सहिष्णुताको अर्थ कमजोर मानसिकताको प्रदर्शन पनि होइन। अरुको आस्था माझ आफ्नो आस्थाको स्थान हो, सहिष्णुता। विविधताको बीचमा समन्वयको धारा हो, सहिष्णुता। सहिष्णुता ज्ञानद्वारा विकसित छ र विज्ञानको विवेकसम्मत् प्रयोगका लागि अत्यावश्यक छ। सहिष्णुता विनम्रता हुनसक्छ तर कमजोरी होइन।

सहिष्णुता अध्यात्मको उपदेश होइन, जीवनको अनिवार्य एवं शाश्वत गुण हो। सहिष्णुताले नै शान्ति संभव तुल्याउँछ। सहिष्णुता प्रवर्द्धन र असहिष्णुताको अन्त्यका लागि शिक्षाको ठूलो महत्त्व छ।

# मानव अधिकार तथा शान्ति समाज
# साङ्गठनिक संरचना

## १. सदस्यता

**(क) साधारण सदस्यता :** समाजको विधान र नीतिलाई स्वीकार गर्ने १६ वर्ष पुगेका व्यक्तिहरू केन्द्रीय कार्यसमितिले तयार गरेको फाराम भरी आवश्यक शुल्क २ वर्षको रु ४००।- (२०६७ माघ सम्म कायम रहेको निर्णय) तिरी केकासमा बुझाएपछि केकासको अनुमोदन पश्चात मात्र यसको सदस्य बन्ने छन् । (केकासले तयार गरेको सदस्यता आवेदन फाराम र तोकिएको शुल्क जिल्ला कार्यसमिति मार्फत वा सोझै केन्द्रीय कार्यसमितिमा पठाउनु पर्ने छ ।)

**(ख) आजीवन सदस्यता :** केन्द्रीय कार्यसमितिले तयार गरेको आजीवन सदस्यता आवेदन फाराम भरी तोकेबमोजिम शुल्क तिरी (रू. ५०००।- २०६७ माघसम्म कायम निर्णय) समाजको आजीवन सदस्यताका लागि आवेदन गर्न सक्नेछन् । केकासले अनुमोदन गरेपश्चात यस्ता आवेदक आजिवन सदस्य बन्ने छन् । आजीवन सदस्यको हकमा समयावधिबाहेक अन्य कुरा साधारण सदस्य सरह लागू हुनेछ ।

## २. जिल्ला शाखा र जिल्ला साधारण सभा

एउटा जिल्लामा समाजको एउटामात्र शाखा रहन्छ र त्यस्तो शाखा बन्न कम्तिमा २५ जना सदस्य कायम भएको हुनै पर्छ त्यस्तो शाखाले प्रत्येक वर्ष जिल्ला साधारण सभा गर्नै पर्छ र हरेक दुई वर्षमा जिल्ला कार्यसमितिको निर्वाचन गर्नै पर्छ ।

## ३. जिल्ला कार्यसमिति

जिल्ला कार्यसमितिमा सभापति -१, उपसभापति-१, सचिव -१, सहसचिव -१ कोषाध्यक्ष-१ र ६ जना सदस्यहरू गरी जम्मा ११ जना जिल्ला साधारण सभाबाट निर्वाचित हुने गर्दछन् । यसै गरी ४ जना सदस्यहरू जि.का.स.ले मनोनयन गर्नु पर्दछ । जिल्ला कार्यसमितिमा पदाधिकारी र सदस्यहरूको संख्या १५ रहन्छ । समितिमा ३३ प्रतिशत महिला र १ जना दलित समुदायको प्रतिनिधित्व अनिवार्य गरिएको छ । प्रत्येक वर्ष जिकासको कम्तिमा चारवटा वैठक वस्नै पर्नेछ ।

## ४. राष्ट्रिय परिषद् बैठक :

(क) राष्ट्रिय परिषद् समाजको सर्वोच्च नीति निर्णायक अङ्ग हुनेछ ।

(ख) समाजका संस्थापक सदस्यहरू, केन्द्रीय कार्यसमितिका सदस्यहरू, केन्द्रीय समितिले तोकेका पर्यवेक्षकहरू, जिल्ला कार्यसमितिका सभापतिहरू र प्रत्येक जिल्ला कार्यसमितिबाट राष्ट्रिय परिषद्का लागि निर्वाचित २ जना प्रतिनिधिहरू राष्ट्रिय परिषद्को सदस्य हुनेछन् ।





(ग) राष्ट्रिय परिषद्मा मताधिकार-संस्थापक सदस्यहरू, जिल्ला कार्यसमितिका सभापतिहरू र जिल्लाबाट निर्वाचित २ जना प्रतिनिधिहरूलाई मात्र हुनेछ ।

(घ) परिषद्को साधारणसभा साधारणतया वर्षको एक पटक केन्द्रीय कार्यसमितिले तोकेको स्थान र मितिमा बस्नेछ । सोको सूचना कम्तीमा एक महिनाअगावै सम्पूर्ण परिषद् सदस्यहरूलाई सूचित गरिसक्नुपर्नेछ ।

ङ) प्रत्येक २ वर्षमा राष्ट्रिय परिषद वैठकले केन्द्रीय कार्यसमितिको निर्वाचन गर्नेछ ।

## ५. केन्द्रीय कार्यसमिति :

(क) समाजको कार्य सञ्चालन गर्नका लागि हरेक दुई वर्षमा केन्द्रीय कार्यसमितिको निर्वाचन हुन्छ ।

(ख) केन्द्रीय कार्यसमितिमा देहायबमोजिमका पदाधिकारीहरू एवम् सदस्यहरू रहन्छन् :

(१) सभापति - १, (२) उप-सभापति -१, (३) महासचिव -१, (४) सचिव - १, (५) कोषाध्यक्ष -१, र (६) सदस्यहरू -१० जना । यसमध्ये सभापति, उपसभापति, महासचिव, सचिव, कोषाध्यक्ष र ६ जना सदस्यहरूको राष्ट्रिय परिषद्बाट निर्वाचन हुनेछ भने ४ जना सदस्यहरू केन्द्रीय कार्यसमितिले मनोनित गर्नेछ । यसैगरी केन्द्रीय कार्यसमितिले सल्लाहकारहरू नियुक्त गर्न सक्नेछ ।

(ग) केकासमा ३३ प्रतिशत महिला र १ जना दलित समुदायको प्रतिनिधित्व अनिवार्य गरिएको छ ।

(घ) प्रत्येक वर्ष केकासको कम्तिमा ४ वटा वैठक वस्नैपर्नेछ ।

**६.** कुनैपनि राजनीतिक दलको केन्द्रीय, जिल्ला र क्षेत्रीय तहको पदाधिकारी वा सदस्यले शान्ति समाजको केन्द्रीय तथा जिल्ला कार्य समितिको पदाधिकारी वा सदस्य पदमा उम्मेदवार बन्न पाउने छैन । केकास/जिकासमा मनोनित गरिने सदस्यहरुको हकमा पनि यहि नियम लागू हुन्छ ।

# स्वावलम्बन, पारदर्शिता, समावेशी स्वरूप र लोकतान्त्रिक निर्णय विधि

मानव अधिकार तथा शान्ति समाज पूर्ण रूपमा आफ्नै सदस्य र शुभचिन्तकहरूको आर्थिक सहयोगबाट चलेको संस्था हो । आर्थिक सहयोगबारे मानव अधिकार तथा शान्ति समाजले निम्न १० सुत्रीय नीति अवलम्बन गरेको छ जुन यस प्रकार छ :

## स्वावलम्बन

१. मानव अधिकार तथा शान्ति समाजले कुनै पनि विदेशी सरकारबाट आर्थिक सहयोग ग्रहण गर्दैन ।

२. शान्ति समाजले कुनै पनि विदेशी दूतावास वा दातृसंस्थाबाट आर्थिक सहयोग ग्रहण गर्दैन ।

३. शान्ति समाजले कुनै पनि विदेशी फाउन्डेसन (प्रतिष्ठान) मा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गर्दैन र फाउन्डेसनबाट आर्थिक सहयोग ग्रहण गर्दैन ।

४. शान्ति समाजले कुनै पनि अन्तरसरकारी संस्थाहरू (आईजीओ) मा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गर्दैन र आर्थिक सहयोग ग्रहण गर्दैन ।

५. शान्ति समाजले कुनै पनि गैरसरकारी अन्तर्राष्ट्रिय संस्थाहरूमा आर्थिक सहयोगका लागि प्रस्ताव पेश गर्दैन र त्यस्ता संस्थाहरूबाट सामान्यतया आर्थिक सहयोग ग्रहण गर्दैन ।

६. शान्ति समाजले नेपालको सरकारसँग आर्थिक सहयोगका लागि कुनै पनि प्रस्ताव पेश गर्दैन र सरकारबाट कुनै पनि आर्थिक सहयोग ग्रहण गर्दैन ।

७. शान्ति समाजले कुनै पनि धार्मिक संघसंस्थाबाट आर्थिक सहयोग ग्रहण गर्दैन ।

८. शान्ति समाजले कुनै पनि राजनीतिक दलहरूबाट आर्थिक सहयोग स्वीकार गर्दैन ।

९. शान्ति समाजले कुनै पनि चुरोट वा सूर्तिजन्य उद्योगबाट प्राप्त हुने आर्थिक सहयोग स्वीकार गर्दैन ।

१०. शान्ति समाजले आफ्नो स्वाभिमानविपरीत कुनै पनि ठाउँबाट आर्थिक सहयोग स्वीकार गर्दैन ।

## पारदर्शिता

मानव अधिकार तथा शान्ति समाज उच्च पारदर्शी संस्था हो । वाह्य तथा आन्तरिक सबै क्षेत्रमा पारदर्शिता शान्ति समाजको कार्यपद्धतिको अभिन्न अङ्ग





रहदै आएको छ । यस सम्बन्धमा शान्ति समाजले अवलम्बन गरेको नीति यसप्रकार छ ।

१. राष्ट्रिय परिषद् बैठकबाट पारित भएको शान्ति समाजको वार्षिक गतिविधि सम्बन्धी प्रतिवेदन प्रेसमार्फत सार्वजनिक गर्ने गरिएको छ ।
यो परिपाटी निरन्तर छ भने काठमाडौंमा अवस्थित ५० भन्दा बढी सञ्चारमाध्यमहरूलाई शान्ति समाजले यस्तो प्रतिवेदन हरेक वर्ष उपलब्ध गराउँदै आएको छ ।

२. राष्ट्रिय परिषद् बैठकबाट पारित भएको वार्षिक लेखा परिक्षण प्रतिवेदन प्रेस मार्फत सार्वजनिक गर्ने गरिएको छ । यो परिपाटी निरन्तर छ भने काठमाण्डौंमा अवस्थित ५० भन्दा बढी सञ्चारमाध्यमहरूलाई शान्ति समाजले यस्तो प्रतिवेदन हरेक वर्ष उपलब्ध गराउँदै आएको छ ।

३. त्यसरी प्राप्त लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनबारे प्रेसको कुनै जिज्ञासा भए तीन दिनभित्र सम्पर्क गर्न आग्रह गर्ने गरिएको छ र प्रेसले चाहेमा जिज्ञासा राखिएको शीर्षकमा थप दस्तावेज देखाउन/हेर्न सकिने प्रावधान रहेको छ ।

४. मानव अधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमितिको वैठकका निर्णयहरू सबै जिल्ला शाखाहरू र केन्द्रीय संयोजकहरूलाई उपलब्ध गराउने गरिएको छ ।

५. पाक्षिक पत्राचारको रूपमा प्रत्येक महिना २ पटक जिल्ला शाखाहरूलाई पत्राचार गर्ने गरिएको छ । आन्तरिक पारदर्शिताको नीति अन्तर्गत, संस्थाको गतिविधि, अभियान, प्रकाशन, प्रेसविज्ञप्तिहरू, केकास निर्णयहरू, सदस्यता विवरण, आर्थिक अवस्था आदिबारे जिल्ला शाखाहरूलाई नियमित रूपमा जानकारी दिने गरिएको छ ।

## समावेशी स्वरूप र लोकतान्त्रिक निर्णय विधि

मानव अधिकार तथा शान्ति समाजले यस्को संरचनालाई अधिकतम समावेशी वनाउने र लोकतान्त्रिक निर्णय विधिका सिलसिलामा अवलम्बन गरेको नीति यसप्रकार छ :

१. केन्द्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य ।

२. केन्द्रीय संयोजकहरूको नियुक्तिमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य

३. केन्द्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा कम्तिमा १ जना दलित समुदायको प्रतिनिधित्व अनिवार्य

४. प्रत्येक वर्ष राष्ट्रिय परिषद् बैठक वस्नै पर्ने । राष्ट्रिय परिषद् बैठक समाजको सर्वोच्च नीति निर्णायक अंग ।

५. प्रत्येक २ वर्षमा केन्द्रीय कार्यसमितिको निर्वाचन हुनुपर्ने ।
६. प्रत्येक वर्ष जिल्ला साधारण सभा बस्नै पर्ने ।
७. प्रत्येक २ वर्षमा जिल्ला कार्यसमितिको निर्वाचन हुनुपर्ने ।
८. प्रत्येक वर्ष केन्द्रीय कार्यसमितिको वैठक कम्तिमा ४ पटक बस्नैपर्ने ।
९. प्रत्येक वर्ष जिल्ला कार्यसमितिको वैठक कम्तिमा ४ पटक बस्नै पर्ने ।
१०. केन्द्रीय कार्यसमिति र जिल्ला कार्यसमितिको वैठकमा भाग लिदा, यातायात, आवास, भोजन वापत लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सदस्य आफैले ब्यहोर्नुपर्ने नीति, यसैगरी राष्ट्रिय परिषद् बैठकमा भाग लिने सहभागिहरूले पनि आफैले यातायात खर्च व्यहोर्नुपर्ने व्यवस्था ।

## एक विशुद्ध स्वयंसेवी संस्था

मानव अधिकार तथा शान्ति समाज एक विशुद्ध स्वयंसेवी एवम् लाभ निरपेक्ष संस्था हो । देशभरिका शान्ति समाजका सदस्यहरू यसको अभियानमा स्वयंसेवी तवरले योगदान गर्छन् । असल स्वयंसेवीको गुणहरूबारे शान्ति समाजले निम्न १० बुँदे धारणा अघि सारेको छ ।

१. मानव अधिकार र मानवीय मूल्यप्रति दृढ र निष्ठावान हुनुपर्दछ। अहिंसात्मक चरित्र अवलम्वन गर्नुपर्दछ।
२. सेवामुखी भावनाले अभिप्रेरित हुनुपर्छ। असहाय व्यक्तिलाई सहायता प्रदान गर्न सदैव कटिबद्ध रहनुपर्दछ।
३. कानुनी राज्यमा विश्वास गर्नुपर्दछ।
४. सामान्यतः द्वन्द्वको कारण होइन, द्वन्द्व समाधानमा सहयोगी बन्नुपर्छ।
५. निष्पक्ष हुनुपर्छ र जीवनशैली पारदर्शी हुनुपर्छ। जीवनको हरेक क्षेत्रमा सम्भव भएसम्म परस्पर सल्लाह तथा लोकतान्त्रिक प्रक्रियाबाटै निर्णय गर्ने परम्परा अवलम्बन गर्नुपर्दछ।
६. पीडितहरूप्रति सहानुभूति राख्नुपर्दछ।
७. आफ्नो सुख बाँड्न सक्ने र अरुको दुःख साट्न सक्ने चरित्रको विकास गर्न सक्नुपर्छ।
८. स्वयम्सेवी कार्यमा लाग्दा आफूले के पाइन्छ (भौतिक लाभ) नभनी अरुलाई के दिन सकिन्छ भन्ने चिन्तनले निर्देशित हुनुपर्दछ।
९. सेवा, दया, करुणाजस्ता आदर्शले ओतप्रोत हुनुपर्दछ। घृणा र प्रतिशोधको भावनाले प्रेरित हुनुहुँदैन। क्रोधमाथि नियन्त्रण राख्न सक्नुपर्दछ।
१०. अनावश्यक निन्दा चर्चा र खुराफाती प्रवृत्तिबाट मुक्त हुनुपर्दछ र सार्वजनिक जीवनमा अरुलाई ठट्टाको पात्र बनाएर, होच्याएर वा व्यङ्ग र घोचपेच गरेर रमाइलो मान्नुहुदैन ।





# आफैले खर्च व्यहोर्ने परिपाटी

शान्ति समाजका सबै तहका पदाधिकारी तथा सदस्यहरू शान्ति समाजमा स्वयम्सेवी हुन् । बैठकमा भाग लिँदा उनीहरूले कुनै भत्ता पाउँदैनन्, अझ अरु खर्च पनि आफैले व्यहोर्दछन् ।

१। केन्द्रीय कार्यसमिति (केकास) का सबै पदाधिकारी तथा सदस्यहरूले केकास बैठकमा भाग लिन आउँदा जाँदा यातायात खर्च आफैले व्यहोर्नु पर्छ ।
२। केकासका सबै पदाधिकारीहरू तथा सदस्यहरूले केकास बैठकमा भाग लिए वापत कुनै भत्ता सुविधा पाउँदैनन् ।
३। केकास बैठकमा भाग लिने सबै पदाधिकारी तथा सदस्यहरूले आवास भोजन लगायतको खर्च सबै आफैले व्यहोर्नु पर्दछ ।
४। समाजको कार्यक्रम/अनुसन्धानको काममा जिल्ला भ्रमणमा जाँदा केकास पदाधिकारी तथा सदस्यहरू वा खटिएका प्रतिनिधिहरूले आवास भोजनलगायत दैनिक खर्चका लागि रु ४००।- मात्र पाउँदछन् ।
५। राष्ट्रिय परिषद (रा.प.) बैठकका सहभागिहरूले यातायात खर्च आफैले/शाखाले व्यहोर्नुपर्छ ।
६। रा.प बैठकका सहभागी शाखाले रजिष्ट्रेशन शुल्क बुझाउनु पर्छ ।
७। जिल्ला कार्यसमिति (जिकास) को बैठकमा भाग लिन आउँदा पदाधिकारी तथा सदस्यहरूले आफैले यातायात खर्च व्यहोर्नुपर्छ ।
८। जिकास बैठकमा भाग लिए वापत जिकास पदाधिकारी तथा सदस्यहरूले कुनै भत्ता पाउँदैनन् ।
९। जिकास बैठकमा भाग लिने सिलसिलामा जिकास पदाधिकारी तथा सदस्यहरूले आवास तथा भोजनको व्यवस्था आफैले गर्नु पर्दछ ।
१०। समाजका सबै सदस्यहरू स्वयम्सेवी तवरले शान्तिसमाजमा योगदान गर्दछन् ।

# समय आन्दोलन

मानव अधिकार तथा शान्ति समाजले समय आन्दोलनको नाममा ठीक समयमा कार्यक्रम शुरु गर्ने परिपाटी वसालेको छ । यो नीति अनुसार कुनै पनि औपचारिक कार्यक्रम यदि १ बजे शुरु हुने भनी निमन्त्रणा पत्रमा उल्लेख गरिएको छ भने ठीक १ बजे नै शुरु गर्नुपर्छ । त्यसरी कार्यक्रम संचालन गर्दा कोठा भित्रका कार्यक्रममा घोषित समयमा १२ जना पुगेनन भने कार्यक्रम तत्काल रद्ध गरिन्छ, तर केही समय कुरेर शुरु हुँदैन । त्यसैगरी आमसभामा पनि घोषित समयमा ५० जना पुगेनन् भने कार्यक्रम रद्ध गरिन्छ तर कुर्ने काम हुँदैन ।

समय आन्दोलनबारे शान्ति समाजले अबलम्बन गरेको नीति यसप्रकार छ ।

१. हिमाल होस् वा पहाड, तराई मधेस होस् वा उपत्यका, रात होस् वा दिन, घोषित समयममै कार्यक्रम सुरु गर्नुपर्दछ ।
२. ठीक समयमा कार्यक्रम सुरु गरेपछि ठीक समयमा अन्त्य गर्ने परिपाटी बसाल्नुपर्छ । यसका लागि कार्यक्रम अधिकतम् कति समय सम्म चल्छ, कार्यक्रम सुरु हुनासाथ घोषणा गर्नुपर्दछ ।
३. ठीक समयमा कार्यक्रम सम्पन्न गर्न, कार्यक्रमको प्रारूप पहिले नै तयार र अनुमोदित हुनुपर्दछ ।
४. कार्यक्रममा मन्तव्य व्यक्त गर्ने वक्ताहरूले समेत तोकिएको समयसीमाभित्र आफ्नो मन्तव्य पूरा गर्नुपर्दछ । यसका लागि वक्तालाई पहिले नै समयसीमाको जानकारी गराउनुपर्दछ ।
५. समयसीमाभित्र मन्तव्य नसक्ने वक्ताहरूलाई कार्यक्रम सञ्चालकले 'चीट' ( मन्तव्य सक्न आग्रहसहितको चिर्कटो) दिने अभ्यास निरन्तर छ ।
६. अन्य संघसंस्था/निकायलाई पनि ती संस्थाद्वारा आयोजित कार्यक्रम घोषित समयमा शुरु गर्न शान्ति समाजको आग्रह निरन्तर छ ।
७. अन्य सघसंस्था/निकायद्वारा आयोजित कार्यक्रममा सहभागिता जनाउने निर्णय शान्ति समाजले गरेमा, त्यस्ता कार्यक्रममा समेत ठीक समयमा पुग्नु शान्ति समाजका प्रतिनिधिहरूको दायित्व/कर्तव्य हुने गरेको छ ।
८. कार्य व्यस्तता वा समयाभाव आदिका कारणले कार्यक्रम शुरु हुने समयमा पुग्न नसक्ने भएमा, कार्यक्रमपूर्व नै आयोजकसँग सम्पर्क गरी जानकारी गराउने तर, कार्यक्रम समयावधिभित्र भने पुग्ने नीति अवलम्बन गरिएको छ ।
९. ठीक समयमा कार्यक्रम शुरु नगर्ने संस्थाहरूको ढिलो शुरु हुने कार्यक्रममा बसिराख्नुपर्ने बाध्यता मानव अधिकार तथा शान्ति समाजका प्रतिनिधिहरूलाई छैन ।
१०. घोषित समयमा कार्यक्रम शुरु, अन्त्य लगायतका यी मान्यताहरूको पालना गरी उदाहरण प्रस्तुत गर्न र कार्यक्रमलाई सफल बनाउन त्यही अनुसारको संगठन, प्रतिबद्धता, कार्यक्रम तयारी हुनुपर्दछ भने विषयवस्तु तथा वक्ता, सहभागीहरूको छनोटमा विचार पुऱ्याउनुपर्दछ ।





# अनुसन्धान कार्य

मानव अधिकार उल्लंघन सम्बन्धमा अनुसन्धान/ अध्ययन समाजको कार्यपद्धतिको महत्वपूर्ण अंग रहेको छ । विगत १५ वर्षमा समाजले २ दर्जनभन्दा बढी घटनाहरूबारे अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरिसकेको छ । अनुसन्धान कार्यको सिलसिलामा परिषद् बैठकले निम्न नीति प्रतिपादन गरेको छ ।

१. राष्ट्रियस्तरमा अनुसन्धानसम्बन्धी कार्य केकासको दायित्व हुनेछ। अनुसन्धानसम्बन्धी कार्यको निचोड केकासको तर्फबाट मात्र सार्वजनिक गरिनेछ ।
२. अनुसन्धान भ्रमणहरूको आयोजना केकासले गर्नेछ ।
३. जिल्लामा घटेका विभिन्न घटनाहरूको सम्बन्धमा अनुसन्धानहेतु टोली पठाउँदा केकासले भरसक सम्बन्धित जिल्ला कार्य समितिसँग समन्वय गर्नेछ ।
४. अनुसन्धान कार्यको गम्भीरता र महत्वलाई दृष्टिगत गरी केकासले अनुसन्धानसम्बन्धी तालिम/कार्यशालाहरूको आयोजनामा जोड दिनेछ ।
५. मानव अधिकार उल्लंघनका सिकायतप्राप्त भएका जिल्लाका विभिन्न घटनाहरूबारे तत्काल अनुसन्धान/अध्ययन सम्बन्धित जिल्ला शाखाले गर्दा अनुसन्धान कार्यको निष्पक्षतालाई प्राथमिकता दिनुपर्दछ । आफ्नो जिल्लामा घटेका त्यस्ता घटनाहरूको अनुसन्धान सम्बन्धमा आइपर्ने प्रशासनिकलगायत विविध कठिनाइलाई मध्यनजर गर्दै त्यस्तो अनुसन्धान प्रारम्भ गर्नुपूर्व तुरुन्त केकासलाई खबर गर्नुपर्दछ । आवश्यकता परेको खण्डमा केन्द्रीय कार्यसमितिले ती घटनाको अनुसन्धान कार्यलाई विभिन्न माध्यमबाट समन्वय गर्नेछ ।
६. अनुसन्धानसम्बन्धी दायित्व केकासको भएको हुँदा जिल्ला शाखाहरूले आफ्नो जिल्लामा घटेका घटनाहरूबारे गरेको अनुसन्धान/अध्ययनलाई केन्द्रीय कार्यसमितिमा पठाउनुपर्नेछ । त्यस्तो अनुसन्धान/अध्ययनलाई केन्द्रीय कार्यसमितिले विभिन्न माध्यमबाट सार्वजनिक गर्नेछ ।
७. जिल्ला शाखाहरूले आफ्नो जिल्लामा घटेका मानव अधिकार उल्लंघनका विविध घटनाबारे ती जिल्ला शाखाले गरेको अनुसन्धान केकासको सहमति र स्वीकृतिबेगर जिल्ला शाखाका तर्फबाट सर्वप्रथम सार्वजनिक गर्ने अपेक्षा गरिँदैन । अत्यावश्यक परिस्थितिमा पनि यसका लागि केकासको सहमति र स्वीकृति आवश्यक पर्दछ ।
८. जिल्ला शाखाहरूले सम्बन्धित जिल्लामा घटेका मानव अधिकार उल्लंघनका घटनाहरू सम्बन्धमा नियमित रूपमा केकासलाई जानकारी गराउनुपर्दछ ।
९. यसका लागि जिल्ला शाखाहरूले Research Co-ordinator नियुक्त गर्नेछन् ।

# अभियानका १५ वर्ष

मानव अधिकार, शान्ति, लोकतन्त्र र अहिंसाका लागि कार्यरत स्वयंसेवी, लाभनिरपेक्ष संस्था मानव अधिकार तथा शान्ति समाजले विगत १५ वर्षमा दुई हजारभन्दा बढी कार्यक्रम आयोजना गरिसकेको छ । एक अभियानमूलक संस्थाको रूपमा परिचित शान्ति समाज देशको अग्रपंक्तिमा रहेको मानव अधिकार संस्था हो । गत १५ वर्षको अवधिमा शान्ति समाजले निम्न १२ क्षेत्रमा गरेका अभियान र गतिविधिहरू संक्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

१. **मानव अधिकार :** मानव अधिकार उल्लंघन, ज्यादति र मानव गरिमामाथि हुने घात विरुद्ध शान्ति समाज निरन्तर अभियानरत रहँदै आएको छ । मानव अधिकार संस्कृतिको निर्माणमा योगदान गर्नु संस्थाको लक्ष्य हो । 'सवै अधिकार सबैका लागि' यही लक्ष्य प्राप्तिको लागि शान्ति समाजका शाखा र सदस्यहरू देशभरि स्वयंसेवी तवरमा क्रियाशील छन् भने हजारौ कार्यक्रम सम्पन्न भइसकेका छन ।

२. **शान्ति :** शान्ति संस्कृतिको निर्माणका लागि कटिवद्ध शान्ति समाजले विगतमा ५० जिल्लामा शान्ति सम्मेलन आयोजना गरेको थियो भने 'शान्ति हाम्रो अधिकार' भन्ने शीर्षकमा सय भन्दा बढी जुलुशहरू आयोजना गरिसकेको छ । शान्ति प्रक्रिया शुरु गर्न, शान्ति प्रक्रियालाई सफल बनाउँन दवाव स्वरूप संस्थाले दर्जनौ अभियान र सयौं कार्यक्रम आयोजना गरिसकेको छ ।

३. **लोकतन्त्र :** आधारभूत स्वतन्त्रता, मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति सहितको लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ अहिंसात्मक आन्दोलनमा शान्ति समाज अग्रपंक्तिमा रह्यो । २०६१ माघ १९ गतेको शाही कदमको विरोध स्वरूप शान्ति समाज प्रदर्शनमा उत्रियो भने लोकतान्त्रिक गणतन्त्रका पक्षमा व्यापक अभियान सञ्चालन गऱ्यो । संविधान सभाको निर्वाचन गराउँन दवाव स्वरूप ५० भन्दा बढी ठाँउमा आमसभा र सयौ ठाँउमा कार्यक्रम आयोजना गऱ्यो । निष्पक्ष, स्वतन्त्र र भयरहित संविधान सभा निर्वाचनको माग गर्दै शान्ति समाजले ११ वटा प्रमुख राजनीतिक दलका प्रमुखहरूको हस्ताक्षरसहित प्रविबद्धता लिएर सोही अनुरूपको आचरण गर्न दवाव दिदै देशव्यापी कार्यक्रम आयोजना गरेको थियो ।

४. **अहिंसा :** अहिंसात्मक आचरण र संस्कृति निर्माणका लागि जोड दिंदै शान्ति समाजले देशव्यापीरूपमा सयौं कार्यक्रमहरू आयोजना गरिसकेको छ ।

५. **सामाजिक न्यायः** सामाजिक न्यायको प्रत्याभूतिमा जोड दिदै शान्ति समाजले विगतमा ३ वटा वृहत अभियानहरू सम्पन्न गरिसकेको छ ।





'दलित अधिकार मानव अधिकार'को नारासहित शान्ति समाजले सामाजिक समानता जागरण अभियान सम्पन्न गरेको थियो ।

६. **मानवीय कानुन** : २०५८ सालमा नेपालमा संकटकाल घोषणा भएको बेलामा शान्ति समाजले देशका ३८ जिल्लामा मानवीय कानुनको पालनका लागि विशेष अभियान अन्तर्गत ३८ गोष्ठी आयोजना गरेको थियो ।

७. **जलवायु परिवर्तन र विश्वव्यापी उष्णताबारे अभियान :** विगत ३ वर्षदेखि शान्ति समाजले यसबारे अभियानसञ्चालन गर्दै आएको छ । जीवनचक्र परिस्थिति सन्तुलन (Ecological Balance) को कुरामा जोड दिदै नयाँ संविधानको प्रस्तावनामै यो विषय समावेश गर्नुपर्ने धारणा शान्ति समाजले अघि सार्दै आएको छ ।

८. **निर्वाचन पर्यवेक्षण :** शान्ति समाजले २०५६ सालको आम निर्वाचनको पर्यवेक्षण गरेको थियो जस अन्तर्गत एकसय भन्दा बढी निर्वाचन पर्यवेक्षकहरूले ५५ जिल्लामा निर्वाचन पर्यवेक्षण गरेका थिए । उक्त निर्वाचनका दौरान शान्ति समाजलाई नेपालको निर्वाचन आयोगले पर्यवेक्षण कार्यका लागि मान्यता प्रदान गरेको थियो ।

९. **अनुसन्धान भ्रमणहरू :** मानव अधिकार उल्लंघन र ज्यादतिका घटनाबारे स्थलगत भ्रमण गरी अनुसन्धान गर्ने सन्दर्भमा शान्ति समाजले २ दर्जन भन्दा बढी अनुसन्धान भ्रमणहरू सम्पन्न गरिसकेको छ ।

१०. **मानव अधिकार जागरण नाट्य यात्राः** मानव अधिकार सचेतनाका लागि शान्ति समाजले ५ वटा वृहत् मानव अधिकार जागरण नाट्य यात्रा सम्पन्न गरिसकेको छ । त्यस दौरान देशव्यापीरूपमा सयौं कार्यक्रमहरू आयोजना भएका थिए ।

११. **प्रकाशन :** मानव अधिकार तथा शान्ति समाजले मानव अधिकार, शान्ति, अहिंसा, लोकतन्त्रका विषयमा दर्जन भन्दा बढी प्रकाशन गरिसकेको छ । पछिल्लो पटक प्रकाशित पुस्तक अन्तराष्ट्रिय दस्तावेज सहितको 'मानव अधिकारः लोकतन्त्र शान्ति र अहिंसाको आधार' ७८८ पृष्ठ रहेको छ । 'पिस जर्नल' शान्ति समाजको नियमित प्रकाशन हो ।

१२. **आमरण अनसन र उपवास** : २०५३ माघमा शान्तिका लागि ५ सूत्रीय र २०५६ मङसिरमा मानव अधिकार आयोग गठनका लागि १ सूत्रीय माघ राखेर शान्ति समाजका तर्फबाट आमरण अनसन गरिएको थियो । यसैगरी मानव अधिकार र शान्तिका बारेमा ध्यानाकर्षण गराउदै ६ पटक उपवासको कार्यक्रम समेत शान्ति समाजले गरेको थियो ।

# विभिन्न दिवसमा शान्ति समाजका कार्यक्रम

संयुक्त राष्ट्रसंघद्वारा मानव अधिकार शान्ति र अहिंसा प्रवर्द्धनका लागि विभिन्न दिवसहरू घोषणा भएको छ । मानवअधिकार तथा शान्ति समाजका राष्ट्रिय परिषद बैठक र केन्द्रीय कार्यसमितिका निर्णयअनुसार ती लगायत निम्न दिवसहरू विभिन्न कार्यक्रम आयोजना गरी मनाउने तय भएको छ जुन यस प्रकार छ :

- ८ मार्च, अन्तर्राष्ट्रिय नारी दिवस,
- २१ मार्च, जातीय विभेद उन्मूलन दिवस
- १ मे, अन्तर्राष्ट्रिय श्रमिक दिवस,
- १५ जेठ, गणतन्त्र दिवस
- ५ जुन, विश्व वातावरण दिवस -
- २६ जुन, यातना पीडितहरूको सहयातार्थ संयुक्त राष्ट्रसंघ दिवस,
- २१ सेप्टेम्बर, अन्तर्राष्ट्रिय शान्ति दिवस,
- २ अक्टोबर, अन्तर्राष्ट्रिय अहिंसा दिवस
- २४ अक्टोवर, संयुक्त राष्ट्रसंघ स्थापना दिवस,
- १६ नोभेम्बर, अन्तर्राष्ट्रिय सहिष्णुता दिवस
- २० नोभेम्बर, बालअधिकार महासन्धि जारी भएको दिन बालदिवस
- ३ डिसेम्बर, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि दिवस
- ५ डिसेम्बर, अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवस
- ९ डिसेम्बर, भ्रष्टाचारविरुद्ध दिवस
- १० डिसेम्बर, मानव अधिकार दिवस रहेका छन् ।
- यसका अतिरिक्त जेष्ठ १९ गते मानव अधिकार तथा शान्ति समाजको स्थापना दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ ।

यी दिवसहरू मध्ये पनि निम्न ५ वटा दिवसहरू विशेष प्राथमिकताका साथ कार्यक्रमहरू आयोजना गर्ने निर्णय शान्ति समाज केकासको रहेको छ ।

१. मानवअधिकार दिवस (१० डिसेम्बर)
२. अहिंसा दिवस (२ अक्टोवर)





३. शान्ति दिवस (२१ सेप्टेम्वर)
४. गणतन्त्र दिवस (१५ जेठ)
५. शान्ति समाज स्थापना दिवस (१९ जेठ)

(गणतन्त्र दिवस १५ जेठ का दौरान सप्ताहव्यापि कार्यक्रम गरी शान्तिसमाजको स्थापना दिवस जेठ १९ मा समापन गर्ने सोच) यी कार्यक्रमहरूका लागि केकासले अवधारणापत्र तयार गरी सबै जिल्ला शाखालाई उपलब्ध गराउनेछ ।

# मानव अधिकार तथा शान्ति समाज
## वर्ष २०६९-७० को वार्षिक कार्य योजना

मानव अधिकार तथा शान्ति समाजले आगामी २०६९-७० का लागि निम्नानुसार बार्षिक कार्य योजना प्रस्तुत गरेको छ ।

**१.अभियान**

शान्ति, अहिंसा, मानव अधिकार, सद्भाव र लोकतन्त्र निम्ति निरन्तर आफ्ना अभियानहरु सञ्चालन गर्नेछ । विगतका राष्ट्रिय परिषद्ले पारित गरेबमोजिम अन्तर्राष्ट्रिय दिवसहरु, गणतन्त्र दिवस र शान्ति समाजको स्थापना दिवसलाई भव्य रुपमा मनाइने छ ।

१. नयाँ संविधान जारी भए नयाँ संविधान बमोजिम स्वतन्त्र, निष्पक्ष र भएरहित निर्वाचन सम्पन्न गर्न अभियान सञ्चालन गरिनेछ । निर्वाचन पर्यवेक्षण कार्यलाई प्राथमिकता दिइनेछ ।

२. दण्डहीनता विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

३. नेपालले अनुमोदन नगरेको तर गर्नै पर्ने ICC लगाएत मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरु अनुमोदन गराउन दवावमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. शान्ति समाजका सदस्यहरुका लागि शाखाहरु मार्फतनै तालिम कार्यशालाहरु सञ्चालन गरिनेछ ।

५. आवधिक सदस्यता विस्तारसँगै आजीवन सदस्यता विस्तार गरी ७ सयसम्म पुऱ्याउनेछ ।

६. विद्यालयहरुमा मानव अधिकारका सिद्धान्तबारे चेतनामूलक कार्यक्रम गरिनेछ ।

७. युवापुस्तालाई समाजको अभियान र संगठनमा व्यापक समाहित गराउँने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८. स्थानीय एफएम रेडियोहरुमा आरम्भ "मानव अधिकार र शान्ति" कार्यक्रमलाई अझ सशक्त तुल्याउँदै यो संख्या दोब्बर पुऱ्याइनेछ ।

९. अर्थ संकलनका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

१०. सदस्यता विकास र अभियान सम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गरिनेछ ।

# सञ्चार र सूचना प्रविधि

मानवअधिकार तथा शान्ति समाज सीमित स्रोत र साधनबाट चलिरहेको स्वयम्सेवी संस्था भएको विदितै छ । तथापि शान्ति समाजका शाखाहरूले आफ्नै सामर्थ्यमा 'मानवअधिकार र शान्ति' नामक रेडियो कार्यक्रम देशका १४ वटा एफ.एम. रेडियोबाट साप्ताहिक रुपमा सञ्चालन गर्दै आएका छन् ।

विभिन्न अभियान र कार्यक्रमहरूलाई सशक्त प्रभावकारी एवम् छिटो छरितो बनाउन सूचना प्रविधिको प्रयोग जोड दिंदै मानव अधिकार तथा शान्ति समाज आफ्ना सदस्य एवम् शुभचिन्तकहरूलाई निम्न विषयमा ध्यानआकर्षण गराउँछ :

१. के तपाईले इ-मेल खाता खोल्नु भएको छ ? छैन भने तुरुन्त खोल्नुहोस् । यो नि:शुल्क सेवा हो र आफ्नो इ-मेल ठेगाना केकास र जिल्ला शाखालाई जानकारी दिनुहोस् ।

२. आफ्नो जिल्ला र केन्द्रीय स्तरमा हुने शान्ति समाजको सार्वजनिक कार्यक्रमहरू बारे (सीमित कार्यक्रम बाहेक) आफ्ना अरू साथीहरूलाई पनि इ-मेलबाट जानकारी दिनुहोस् । आमन्त्रण गर्नुहोस् ।

३. के तपाइको आफ्नै ब्लग छ ? छ भने शान्ति समाजको अभियान, कार्यक्रमबारे लेख्नुहोस् । समाजका अवधारणा पत्रहरू साभार गर्नुहोस् ।

४. के तपाई फेसबुक/ट्विटर जस्ता सामाजिक सञ्जालमा जोडिनु भएको छ । छैन भने आवद्ध हुनुहोस र शान्ति समाजका अभियान एवम् कार्यक्रमबारे मन खोलेर चर्चा गर्नुहोस् ।

५. के तपाईले शान्ति समाजको वेवपेज हेर्नुभएको छ । नियमित अन्तरालमा हेर्ने बानी बसाल्नुहोस हाम्रो ठेगाना www.peacesocietynepal.org हो ।

६. शान्ति समाजको वेवसाइटमा समाजका अवधारणा पत्रहरू, प्रेस विज्ञप्तिहरू, कार्यक्रमहरू राखिएका हुन्छन् । त्यसलाई प्रिन्ट गरेर स्थानीय छापाहरूमा वितरण गर्न सक्नुहुन्छ अझ सजिलो त्यसलाई डाउनलोड वा कपि गरेर स्थानीय सञ्चार माध्यममा र आफ्ना साथीहरूलाई ई-मेल पठाउन सक्नु हुनेछ ।

७. विभिन्न अनलाइन पत्रिकामा समाजका अभियान /कार्यक्रमबारे लेख रचना प्रेषित गर्नुहोस् ।

८. राष्ट्रिय तथा स्थानीय छापा, सञ्चार माध्यममा मानव अधिकार, शान्ति, लोकतन्त्र र अहिंसाका विषयमा लेख, सम्पादकलाई चिठी जस्ता सामग्रीहरू इ-मेल मार्फत पठाउनुहोस् ।



मानवअधिकार, लोकतन्त्र, शान्ति र अहिंसा

९. प्रतिष्ठित विभिन्न अन्तराष्ट्रिय मानवअधिकार संस्थाको वेव साइट हेर्ने बानी बसाल्नुहोस् र चलिरहेका अन्तराष्ट्रिय अभियान बारे जानकारी राख्नुहोस् ।

१०. शान्ति समाजको कार्यक्रम बारे आफ्ना साथीहरूलाई एस.एम.एस. गरी आमन्त्रण गर्नुहोस् वा पुन: सम्झाउनुहोस् ।

११. एफ.एम. रेडियोबाट प्रशारित मानवअधिकार र शान्ति कार्यक्रम आफू पनि सुन्नुहोस् र अरुलाई पनि सुन्न आग्रह गर्नुहोस् ।

## अर्थ संकलन

शान्ति समाजको कार्यालय सञ्चालन, अभियान, अनुसन्धान, प्रकाशन र विभिन्न कार्यक्रमहरू सम्पन्न गर्न गतिलो आर्थिक स्रोतको आवश्यकता पर्दछ । स्वावलम्बनको नीतिअन्तर्गत शान्ति समाजले जहाँ कहीँबाट आर्थिक सहयोग ग्रहण गर्दैन न त प्रस्ताव नै पेश गर्दछ । निश्चित सीमा र परिधिभित्र रहेर शान्ति समाजले आवश्यक स्रोतको जोगाड गर्दै आएको छ र त्यही स्रोतबाट संस्थाको गतिविधिहरू सञ्चालन भइरहेका छन् अर्थात् शान्ति समाजको आयस्रोत यस प्रकार रहेको छ :

१. सदस्यताबाट (आधा रकम जिल्ला शाखाले राख्ने व्यवस्था)
२. आजीवन सदस्यताबाट (सावा रकम चलाउन नपाउने व्यवस्था)
३. पुस्तक प्रकाशन तथा अन्य प्राप्त पुस्तकहरूको विक्रीबाट
४. **पिस जर्नल**मा छापिएका विज्ञापनहरूबाट
५. रजिष्ट्रेशन शुल्कबाट
६. व्याजबाट (आजीवन सदस्यताको)
७. शुभेच्छुकहरूबाट प्राप्त ।

शाखा सञ्चालनार्थ शान्ति समाजका शाखाहरूले संस्थाको नीति र परिधिभित्र रही आफैले आर्थिक स्रोतको व्यवस्था गर्नु पर्दछ । अधिकांश शाखाहरूको आयको मूल स्रोत सदस्यताबाट प्राप्त हुने रकममध्ये शाखाले पाउने आधा रकम र शुभचिन्तकहरूबाट पाउने रकम नै हो । केन्द्रीय कार्यसमितिले शाखा सञ्चालनार्थ कुनै पनि शाखालाई अनुदान वा सहयोग गर्दैन । शाखाहरूले आयोजना गर्ने आवश्यक खर्च जिल्ला शाखा आफैले जुटाउनु पर्छ यसका अतिरिक्त राष्ट्रिय परिषद बैठक आयोजना गर्ने शाखाले यसको व्ययभार व्यहोर्नु पर्छ (यातायात खर्च, परिषद बैठकका सहभागीहरू आफैले व्यहोर्छन् भने रा.प. बैठक, रजिष्ट्रेशन शुल्क भने आयोजक शाखाले पाउँछ) ।

# अर्थ संकलनका लागि एक सफल कार्यक्रमको उदाहरण

शान्ति समाजले अर्थ संकलनका लागि २०६७ पौषमा आयोजना गरेको एक सफल कार्यक्रमको संक्षिप्त विवरण :

१. **पृष्ठभूमि :** मानव अधिकार तथा शान्ति समाज केकास संचालनार्थ अर्थ संकट भइरहेकोबेला संस्थाको केन्द्रीय कार्यालय संचालन एवम् अभियान र कार्यक्रम सम्पन्न गर्न चाहिने आवश्यक स्रोत जुटाउने उद्देश्यले एक रात्रीभोज आयोजना गर्ने निर्णय गरियो । यहि कार्यक्रमलाई अनौपचारिक रूपमा 'Fund Raising Dinner' भनियो ।

२. **होटल छनौट :** यसका लागि काठमाडौंका केही नाम चलेका र केही मध्यम होटलको व्यवस्थापनसँग कुरा भयो र अन्तत एउटा होटल छनौट भयो । जहाँ संक्षिप्त कार्यक्रमका लागि करिब १०० जना अटाउने सभाकक्ष, माइकको समेत व्यवस्था थियो भने अर्को कक्षमा रात्री भोजका प्रबन्ध गरिएको थियो ।

३. **निमन्त्रणा सूची:** करीब एकसय जनाको उपस्थितिको अपेक्षा सहित १५० जनाको निमन्त्रण सूची तयार गरियो, जसमध्ये अधिकांश समाजका शुभचिन्तक, आजीवन सदस्य तथा सदस्यहरू थिए । यसका अतिरिक्त काठमाडौं, भक्तपुर र ललितपुरशाखासँग पनि समन्वय गरियो र थप शुभचिन्तक सदस्यहरूलाई आमन्त्रण गरियो ।

४. **निमन्त्रणा पत्र:** 'रात्रीभोजमा आमन्त्रण' शीर्षकको निमन्त्रणा पत्रमा अतिथिहरूलाई साँझ ५:३० बजे आमन्त्रण गरिएको थियो भने निमन्त्रणा पत्रसँगै शान्ति समाजबारे जानकारी मूलक १४ पानाको सामग्री पनि समावेश गरिएको थियो । त्यस्तो सामग्रीमा शान्ति समाज एक झलक, आचारसंहिता, स्वावलम्बन, पारदर्शीता, लोकतान्त्रिक निर्णय प्रक्रिया, स्वयंसेवी चरित्र, समय आन्दोलन, विगतका ३ वटा अभियानका लागि प्रस्तुत भएको ३ वटा अवधारणापत्र रहेका थिए ।

५. **निमन्त्रणा वितरण:** यसरी तयार गरिएको निमन्त्रणापत्रलाई केन्द्रीय कार्यसमितिका सभापति लगायत पदाधिकारी एवम् सदस्यहरूले प्रायः आफैले बाँडेका थिए ।

६. **स्मरण गराउने कार्य :** निमन्त्रण पत्र सम्बन्धित ठाँउमा वितरण पश्चात लगभग दुई तिहाई आमन्त्रितहरूलाई फोनबाट उक्त कार्यक्रमबारे स्मरण गराउने कार्य भएको थियो । यो कार्यक्रमलाई सफल बनाउन काठमाडौं, ललितपुर र भक्तपुर शाखासँग छुट्टाछुट्टै बैठक पनि सम्पन्न भएको थियो ।

७. **कार्यक्रम:** २०६७ पौष ३० गते साँझ ५:३० बजेदेखि अतिथिहरूको आगमन शुरु भयो । चिया/कफीको क्रम आधा घण्टा चल्यो भने त्यसपछि अर्को आधाघण्टा संक्षिप्त कार्यक्रम सम्पन्न भयो । ११२ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा सबै अतिथिहरूलाई 'मरुस्थलको यात्रा' नामक मानव





अधिकार सम्बन्धी सडक नाटकसंग्रह उपहार स्वरूप प्रदान गरिएको थियो । स्वागत मन्तव्य पश्चात, २०६७ असोज महिनायता समाजलाई आर्थिक सहयोग गर्ने ७ जना र शान्ति समाजलाई विभिन्न पुस्तकहरू प्रदान गर्ने पुस्तकका प्रकाशकहरू ७ जना र समाजको काठमाडौं शाखालाई प्रसंशापत्र प्रदान गरिएको थियो । प्रसंशापत्र समाजका संस्थापक सभापति र पुष्पगुच्छा केकास सभापतिले प्रदान गर्नुभएको थियो । यसैक्रममा अघिल्लो दिन समाजको काठमाडौं शाखाले केकासलाई रु ५०,०००/- सहयोग गर्ने निर्णय गरेको थियो ।

अन्त्यमा समाजका संस्थापक सभापति लगायत केकास सभापतिले संक्षिप्त मन्तब्य व्यक्त गर्नुभएको थियो भने सहयोग गर्न चाहनेहरूको नाम र रकम विवरण कार्यक्रममा उद्घोषण गरिएको थियो । यसरी सहयोग गर्न चाहनेहरूले दिने भनिएको रकम ३,१९,३२७/- रहयो । यसका अतिरिक्त ५०,०००/- थप सहयोग उपलब्ध गराउने आश्वासन अन्य अतिथिहरूले मौखिक रूपमा गराउनु भएको थियो ।

८. **बार्षिक दाता सूची:** २०६७ कार्तिक २७ गते बसेको केकास बैठकका दौरान केकासका पदाधिकारी र सदस्यहरू गरी ९ जनाले यस वर्ष शान्ति समाजलाई रु ४८,०००/- र अपिल समिति संयोजकले(जस्ले प्रत्येक वर्ष निरन्तर सहयोग गर्दै आउनु भएको छ) रु १५,०००/- सहयोग गर्ने घोषणा गर्नुभएको छ । उहाँहरूलाई माथि उल्लिखित रात्रीभोजमा प्रसंशापत्र वितरण गरिएको थियो ।

९. रु ५,०००/- भन्दा बढी सहयोग गर्ने सबैलाई विभिन्न अवसरमा प्रसंशापत्र वितरण गरिनेछ भने यसरी सहयोग गर्नेहरूले आफूले दिएको रकम कहाँ खर्च भयो भनेर जान्न पाउने अधिकार छ । शान्ति समाज पूर्ण पारदर्शीतामा विश्वास गर्दछ । तसर्थ समाजका गतिविधि, प्रकाशन, अभियान तथा कार्यक्रमबारे विवरण सहितको सामग्री रू. ५,०००/- भन्दा माथि सहयोग गर्ने सबै शुभचिन्तकहरूलाई प्रत्येक महिना पत्राचार गर्ने निर्णय भएको छ । यसका अतिरिक्त त्यस्ता पत्राचार इमेलमार्फत् पनि पठाइनेछ ।

यसरी सहयोग गर्ने सबैलाई 'मानव अधिकार: लोकतन्त्र शान्ति र अहिंसाको आधार' नामक पुस्तक सहित अन्य २ वटा पुस्तकहरू उपहार स्वरूप पठाइएको छ ।

१०. केकासले प्रत्येक वर्ष यस्तो कार्यक्रम आयोजना गरी १ वर्षलाई पुग्ने स्रोत जुटाउने लक्ष्य रोखेको छ ।

# शान्ति सम्झौता र बन्नु पर्ने आयोगहरू

शान्ति सम्झौताको पूर्ण सम्मान एवम् इमान्दार कार्यान्वयन नै यसलाई तार्किक निष्कर्ष सम्म पुऱ्याउने सहज मार्ग हो र सफलताको मापदण्ड पनि। शान्ति सम्झौतामा निहित मानव अधिकारका साश्वत प्रावधानहरूलाई पन्छाएर वा लत्याएर शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्दैन तसर्थ शान्ति प्रक्रियालाई सफल बनाउन गठन गर्ने भनिएका निम्न लगायतका आयोगहरू अविलम्ब गठन हुनुपर्दछ ।

क) राज्य पुनर्संरचना आयोग ।

ख) सत्य निरूपण तथा मेलमिलाप आयोग ।

ग) राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग ।

घ) बेपत्तासम्बन्धी जााचबुझ आयोग ।

ङ) विगत द्वन्द्वकालमा माओवादीद्वारा कब्जा गरिएका जग्गा जमिन फिर्ता गराउने विशेष आयोग वा संयन्त्र ।

च) द्वन्द्वमा विस्थापितहरूलाई स्थापित गराउने संयन्त्र ।

यसै गरी नेपालले तत्काल अन्तराष्ट्रिय फौजदारी अदालतको विधान (ICC) लाई अनुमोदन गर्नु पर्छ ।

नेपालको शान्ति प्रक्रियालाई सफल गर्न विशेष राजनीतिक मिसनको रूपमा स्थापित अनमिनको ०६७ पौष ३० देखि नेपालबाट बहिर्गमन भइसकेको छ । आउँदा दिनहरू निश्चित रूपमा सहज छैनन् । समस्याको समाधान गर्दै शान्ति प्रक्रियालाई सुखद उत्कर्षमा पुऱ्याउन सके सर्वत्र सकारात्मक सन्देश प्रवाहित हुनेछ । शान्तिका लागि कोरिएको बाटोलाई भत्काएर मुलुकलाई अस्तव्यस्त र क्षत विक्षत बनाउने काम कसैले पनि गर्नु हुँदैन तसर्थ शान्ति सम्झौताको इमान्दार कार्यान्वयन र मानवअधिकारको सम्मान गर्नैपर्छ ।





# नयाँ संविधानमा मानव अधिकार

नयाँ बन्ने संविधान मानव अधिकारसम्मत संविधान हुनुपर्छ । मानव अधिकार तथा शान्ति समाजले 'सबै अधिकार सबैका लागि' भन्ने मान्यताका साथ अभियान सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा भावि संविधानमा समावेश गर्न मानव अधिकारका निम्न विषयहरू अघि सारिएको छ ।

क) संविधानको प्रस्तावनामानै 'जीवनचक्र परिस्थिति सन्तुलन (Ecological Balance)' प्राथमिकता हुने र सोही आधारमा राज्यका ढाँचाहरू परिमार्जन गरिने उल्लेख गरिनुपर्दछ ।

ख) संविधानको प्रस्तावनामानै 'सबै अधिकार सबैका लागि' भन्ने मान्यतालाई स्थापित गरिनुपर्दछ ।

उपरोक्त सन्दर्भमा संविधानमा मौलिक/आधारभूत हकका रूपमा मानव अधिकार निम्न विषयहरू स्पष्ट उल्लेख गरिनुपर्दछ ।

१. महिलाहरूको मानव अधिकार
२. बालबालिकाहरूको अधिकार
३. समानताको अधिकार
४. जीवनको अधिकार
५. मृत्युदण्डबाट मुक्तिको अधिकार
६. दासत्वबाट मुक्तिको अधिकार
७. यातनाबाट मुक्तिको अधिकार
८. स्वच्छ एवम् सुलभ, छरितो, किफायती न्यायको अधिकार
९. गोपनियताको अधिकार
१०. आवत जावत र बसोबास स्वतन्त्रताको अधिकार
११. देश छोड्न बाध्य नपार्ने अधिकार
१२. राष्ट्रियताको अधिकार
१३. परिवार बसाउन पाउने अधिकार
१४. सम्पतिको अधिकार
१५. विचार अभिव्यक्ति र धार्मिक स्वतन्त्रताको अधिकार
१६. प्रेस स्वतन्त्रताको अधिकार
१७. सूचनाको अधिकार
१८. स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन र मतदानको अधिकार
१९. सामाजिक सुरक्षाको अधिकार
२०. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार
२१. ज्येष्ठ नागरिको अधिकार
२२. मानसिकरूपमा विरामीहरूको संरक्षणको अधिकार
२३. एचआइभि/एड्स संक्रमितहरूको संरक्षण अधिकार

२४. श्रमिकहरूको अधिकार
२५. कामको अधिकार
२६. खाद्य अधिकार
२७. स्वास्थ्य अधिकार
२८. पर्याप्त आवासको अधिकार
२९. पानीको अधिकार
३०. शिक्षाको अधिकार
३१. भाषिक तथा साँस्कृतिक अधिकार
३२. अधिकार र कर्तव्यबीच अन्तरम्बन्ध
३३. वातावरण संरक्षणको अधिकार
३४. जीवनचक्र परिस्थिति सन्तुलनको अधिकार
३५. सुशासन प्रत्याभूतिको अधिकार
३६. मानव अधिकार संरक्षण गर्न दण्डहीनता अन्त्य गर्ने सम्बन्धमा प्रभावकारी संयन्त्रको व्यवस्था
३७. शान्तिको अधिकार
३८. युद्ध विरुद्धको अधिकार
३९. अहिंसात्मक संस्कृति प्रवर्द्धनको नीति
४०. उपभोक्ता अधिकार
४२. भयरहित परिवेशको अधिकार
४३. लोकतान्त्रिक संस्कृतिलाई वलियो र गहिरो बनाउन संयन्त्र स्थापना
४४. मानविय मूल्यमाथि घात गर्ने कुनै पनि खालका बर्वर एवम् क्रुर व्यवहार वा प्रदर्शनलाई अन्त्य गर्ने व्यवस्था
४५. श्रमजीवि पत्रकारहरूको अधिकार
४६. असहायहरुको संरक्षणको अधिकार
४७. सामाजिक न्यायको प्रत्याभूति
४८. विपन्नहरु तथा अति सीमान्तकृतहरुको उत्थानको प्रत्याभूति
४९. स्वच्छ वातावरण उपभोग गर्न पाउने अधिकार
५०. उर्जाको अधिकार





# आउँदा दिनमा हाम्रो बाटो

मानवअधिकार, लोकतन्त्र शान्ति र अहिंशाको पक्षमा शान्ति समाजको अभियान निरन्तर रहनेछ रआगामी दिनहरूमा हाम्रो अभियान निम्न लक्ष्य प्राप्तिका लागि बढि केन्द्रित रहनेछ।

१. थप समयसीमाभित्र संविधान सभाबाटै नयाँ संविधान बनाई लागू गर्नु पर्नेमा जोड।
२. नयाँ संविधान मानव अधिकार सम्मत हुनु पर्ने र संविधानको प्रस्तावनामा सबै अधिकार सबैका लागि सुनिश्चित गर्न अभियान।
३. शान्ति सम्झौताको पूर्ण सम्मान एवम् इमान्दार कार्यान्वयनको लागि दवाव।
४. थप समय सीमा भित्र संविधान बनाई नयाँ संविधान अनुरूप भयरहित वातावरणमा स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन हुन सक्यो भने त्यो नै शान्ति प्रक्रियाको तार्किक निष्कर्ष हुने संश्लेषण सहित शान्ति प्रक्रियाको सफलताका लागि कार्यक्रम।
५. नयाँ संविधान समयमै बन्न सके अन्य द्वन्द्वहरूको शान्तिपूर्ण समाधानका लागि कोसेढुङ्गा हुन सक्ने धारणासहित शान्तिपूर्ण समाधानको पक्षमा आह्वान।
६. 'लोकतन्त्रमा कोही कसैको शत्रु हुँदैन' भन्ने मान्यता अनुरूप भातृत्वको राजनीति गर्न सम्बद्ध सबैलाई आह्वान।
७. सत्ताको स्रोत जनताको इच्छामा आधारित हुनु पर्ने र जनताको ईच्छा स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन मार्फत प्रतिविम्बित गराउन सबैको प्रतिबद्धता आवश्यक।
८. समूदायबीच स्थिर सुमधुर र सदभावयुक्त सम्बन्ध विकासका लागि अभियान
९. अहिंसात्मक संस्कृतिको विस्तारका लागि विचारको व्यापक अभियान

   विगतका द्वन्द्वका पीडितहरूलाई राहत र दोषिहरूमाथि कारवाही गर्दै

   भविष्यमा त्यस्ता घटनाहरू नदोर्‍याउने विश्वास दिलाउन संबद्ध सबै

   पक्षले ठोस कदम चाल्नु पर्नेमा जोड दिँदै अभियान।

१०. आधारभूत स्वतन्त्रता र मानवअधिकारको पक्षमा सशक्त अभियानमार्फत प्रतिबद्ध जमातको विस्तार।

| क.सं. | संचालक संस्था/रेडियो | MGH | बार | समय/अवधि |
|---|---|---|---|---|
| १. | विजय एफएम, नवलपरासी | 101.6 | मंगल | विहान ८:३०-८:४५ बजे |
| २. | पोखरा एफएम, पोखरा | 95.8 | आइत | बेलुका ६:३०-७:०० बजे |
| ३. | सिन्धु एफएम, सिन्धुपाल्चोक | 105.0 | मंगल | बेलुका ७ बजे(२०/२५मि) |
| ४. | रेडियो सुर्खेत, सुर्खेत | 90.2 | आइत | बिहान ८:१५–८:४५ बजे |
| ५. | रेडियो नमस्ते, बुटवल | 92.8 | सोम | बेलुका ७:००-७:१५ बजे |
| ६. | रेडियो तुलसीपुर, दाङ | 100.2 | शनि | बेलुका ६:१५-६:३० बजे |
| ७. | रेडियो स्वर्गद्वारी, दाङ | 102.8 | शनि | विहान ७:३०-७:४५ बजे |
| ८. | रेडियो देउखुरी, लमही, दाङ | 105.8 | शनि | विहान ८:३०- ९:०० बजे |
| ९. | हाम्रो एफएम, चितवन | 94.5 | विहि | बेलुका ६:३०-७:०० बजे |
| १०. | रेडियो भेरी, सुर्खेत | 102.7/98.6 | आइत | विहान ७:१५-७:३० बजे |
| ११. | सयपत्री एफएम, बागलुङ | 91.6 | बुध | विहान ८:३०- ९:०० बजे |
| १२. | रेडियो सिटी, काठमाडौं | 98.8 | बुध | विहान ८:००- ८:३० बजे |
| १३. | रेडियो मकवानपुर, हेटौंडा | 101.3 | विहि | बिहान ७:३०-८:०० बजे |
| १४. | दमौली एफ.एम. | 94.2 | आइत | बिहान ८:१५-८:३० बजे |

**शान्ति समाजद्वारा सञ्चालित 'मानव अधिकार र शान्ति' रेडियो कार्यक्रम**





**इच्छा भए तपाई शान्ति समाजलाई यसरी सहयोग गर्न सक्नुहुन्छ**

१. आर्थिक सहयोग गरेर ।
२. बार्षिक दाता बनेर ।
३. संस्थाको लागि जग्गा खरिद र भवन निर्माणका लागि योगदान गरेर ।
४. केन्द्रीय कार्यालयको भाडा तिरिदिएर ।
५. त्रैमासिक प्रकाशन 'पिस जर्नल' मा विज्ञापन दिएर ।
६. समाजका प्रकाशनहरू छापिदिएर ।
७. समाजका प्रकाशनहरू किनिदिएर ।
८. राष्ट्रिय परिषद् बैठकको व्ययभार बहन गरिदिएर ।
९. कार्यक्रममा सहभागिता र ऐक्यबद्धता जनाएर ।
१०. यस्तो पनि संस्था छ र यसरी पनि चल्न सक्छ भनेर अरुलाई जानकारी दिएर ।

**(शान्ति समाजद्वारा २०६५ असोजमा प्रकाशित 'मानव अधिकार लोकतन्त्र शान्ति र अहिंसाको आधार' नामक ७८८ पृष्ठको पुस्तक सबै सदस्यहरूका लागि आवश्यक छ । कृपया निम्न ठेगानामा सम्पर्क गर्नुहोला)**

**मानव अधिकार तथा शान्ति समाज**
**केन्द्रीय कार्यसमिति**
पो.ब.नं. १२७९०, कालिकास्थान, काठमाडौं
नेपाल
फोन: ४४२०७१२
फ्याक्स: ४४२०३६९
इमेल: hurpes@wlink.com.np
वेवसाइट: www.peacesocietynepal.org